नीति छलफल पत्र - २/२०१३

# आदिवासी/जनजाति आन्दोलनमा 'राज्य संयन्त्र'को सन्दर्भ

रमेश राई

एलायन्स फर सोसल डायलग
नीति अध्ययन फेलोसिप २०१३
डिसेम्बर २०१३
**www.asd.org.np**

Alliance for
Social Dialogue

## कृतज्ञता

नीतिसम्बन्धी अनुसन्धान मेरा लागि विल्कुल नयाँ क्षेत्र थियो । यो नयाँ क्षेत्र र विषयसँग जानकार हुने अवसर दिने 'एलायन्स फर सोसल डायलग' (एएसडी) प्रति आभारी छु । मेरो कामप्रति साँच्चीकै चासो राखेर सर-सल्लाह दिनु हुने एएसडीका निर्देशक हरि शर्मा र मेरो काममा सल्लाह दिनु हुने मोहन मानन्धरप्रति विशेष आभारी छु । संस्थागत रूपमा यो फेलोसिपका लागि समय मिलाई दिने मार्टिन चौतारीलाई पनि धन्यवाद । कामको सिलसिलामा मैले कुराकानी गरेका व्यक्ति तथा आवश्यक सूचना उपलब्ध गराईदिने संघसंस्थाप्रति आभार व्यक्त गर्दछु । मैले गोप्य राख्नु पर्ने स्रोतको उल्लेख नगरेर आफ्नो वचन पूरा गर्ने प्रयास गरेको छु । यो कामको सुरुदेखि विभिन्न समयमा सल्लाह दिनु हुने एएसडीका प्रेम सापकोटा, स्वागत नेपाल तथा बिचबिचमा झक्झकाएर कामप्रति इमान्दार बन्न सम्झाउने एएसडीकै शेहनाज बानुलाई पनि धन्यवाद । आदिवासी जनजाति आन्दोलन मेरा लागि नयाँ विषय थियो अब त्यो नयाँ रहेन । यस्तो अवसर दिएकोमा एएसडीलाई फेरि धन्यवाद ।

रमेश राई

## विषय-सूची


सारांश ३

परिचय ४

अध्ययनको अवधारणा ५

परिभाषाको सन्दर्भ ६

आदिवासी/जनजाति आन्दोलनको सैद्धान्तिक सन्दर्भ ९

राज्य संयन्त्रको माग/दाबी र स्वीकृति १२

जनजाति उत्थान प्रतिष्ठान कार्यदल १६

राष्ट्रिय जनजाति विकास समिति १७

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान १९

निष्कर्ष २२

सुझाव २३


## चित्र र टेबुलको सूची


चित्र १. अध्ययनको अवधारणा ६

टेबुल १. राज्य र गैर-राज्यबीच आदिवासी जनजातिको परिभाषामा अन्तर ८

टेबुल २. महासंघको माग/दाबी तथा स्वीकृति १५

नीति छलफल पत्र - २/२०१३

# आदिवासी/जनजाति आन्दोलनमा 'राज्य संयन्त्र'को सन्दर्भ

---

## सारांश

नेपालमा आदिवासी जनजाति आन्दोलनले वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि आकार लिएको हो । आदिवासी जनजाति आन्दोलनको नेतृत्व नेपाल आदिवासी जनजाति महासंघले गरिरहेको छ । महासंघले आन्दोलनको क्रममा थुप्रै किसिमका माग/दाबी गरेको छ । तर, यो अध्ययनमा आदिवासी जनजातिको परिभाषामा महासंघ र राज्यबीच 'हिन्दू वर्णाश्रम'भित्र पर्ने कि नपर्ने विषयमा देखिएको विरोधाभासलाई प्रस्तुत गरिएको छ । त्यसपछि आदिवासी आन्दोलन उपेक्षाले जन्माएरको अधिकारको आन्दोलन हो भनेर सैद्धान्तिक आधारकको व्याख्या गरिएको छ । 'सामाजिक आन्दोलन'को सैद्धान्तिक फ्रेमवर्कभित्र 'समता' र 'सामाजिक न्याय'को अवधारणामा आदिवासी आन्दोलन बाँधिएको छ । यसमा *इन्स्टिच्यूट, एक्टर र कन्टेक्स्ट*लाई ध्यानमा राखेर अध्ययन गरिएकाले 'एजेन्सी एप्रोज' विधिको उपयोग गरिएको छ ।महासंघले स्थापनाकालदेखि अहिलेसम्म पाँचओटा 'राज्य संयन्त्र'को माग राखेको थियो/छ, ती क्रमशः अध्ययन संस्थान वा एकेडेमी, आदिवासी जनजाति आयोग, आदिवासी जनजाति मन्त्रालय, जातीयसभा (माथिल्लो सदन वा राष्ट्रियसभालाई जातीयसभा बनाउने) र पहिचानसहितको संघीयताहुन् । एकेडेमी र आयोगको माग सामाजिक/सांस्कृतिक मुद्धाकेन्द्रित माग हो । यी माग भाषिक/सामाजिक/सांस्कृतिक क्षेत्रको संरक्षण र विकास तथा त्यसको संवैधानिक प्रत्याभूतिको मान्यतामा आधारित छ । आदिवासी जनजाति मन्त्रालय, जातीयसभा र पहिचानसहितको संघीयता राजनीतिक माग हुन् । राजनीतिक मागहरू नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र आदिवासी जनजातिको पहिचानलाई सम्बोधन गर्ने 'राज्य संयन्त्र'को स्थापनासँग जोडिएका छन् । यी प्रत्येक 'राज्य संयन्त्र'का मागले तत्कालिन राज्यको चरित्र र आदिवासी आन्दोलनको गति र गन्तव्यको सीमा प्रष्टसँग उजागर गरेको छ । महासंघको मागलाई सम्बोधन गर्न राज्यले तीनओटा उपकरणहरू क्रमशः जनजाति उत्थान प्रतिष्ठान कार्यदल, राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४ र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को उपयोग गरेको थियो । तीनै उपकरणसँग फरक-फरक *एक्टर* र *कन्टेक्स्ट* जोडिएका छन् ।अन्ततः राज्यले निर्माण गरेको तीन उपकरणले महासंघको एउटा मात्र माग सम्बोधन गरेको छ । महासंघले गरेका माग र राज्यले उपयोग गरेका उपकरणको सैद्धान्तिक आधारलाई 'पोलिसी रिसर्च'को सन्दर्भसँग जोडेर यो लेखमा परिचर्चा गरिएको छ ।

यो नीति छलफल पत्र एलायन्स फर सोसल डायलग (एएसडी)को नीति अध्ययन फेलोसिप कार्यक्रम २०१३ को उत्पादन हो । अन्य नीति अध्ययन छलफल पत्रहरु www.asd.org.np मा उपलब्ध छन् । यस छलफलपत्र सँग सम्बन्धित केहि प्रश्न भएमा लेखकलाई ruchhen.27@gmail.com मा सम्पर्क गर्न सकिन्छ । प्रस्तुत छलफलपत्रमा उल्लेखित विचार, विश्लेषण र निष्कर्षहरु लेखकका निजी हुन् र यसमा एएसडी सहमत नहुन पनि सक्छ ।

## परिचय

नेपालमा आदिवासी जनजाति[1]सम्बन्धी नीति निर्माणमा अभियान वा हस्तक्षेपकारी काम नेपाल आदिवासी जनजाति महासंघमार्फत भएको थियो/छ । आदिवासी जनजातिका मुद्दा वा सवाललाई गैर-राज्यको तहमा महासंघले उठाउने गरेको छ । महासंघमार्फत संगठित अभियान वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि संभव भएको हो । महासंघले विभिन्न समयमा आदिवासी जनजातिहरूका भाषिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक विषयका विभिन्न माग तथा दाबी गरेर ती माग स्वीकार गर्न राज्यलाई बाध्य पारेको छ । अर्कातिर राजनीतिक दल तथा तिनका नेताहरूको व्यक्तिगत वा दलीय अग्रसरतामा पनि निश्चित प्रकारका नीति र कार्यक्रम बनेका छन् ।

वि.सं. २०४६ पछि अधिकांश समय महासंघ आन्दोलनमा थियो र अहिले पनि आन्दोलनमै छ ।[2] सुरुमा भाषिक, सांस्कृतिक सवालमा कुरा उठाउने महासंघ पछिल्लो समय राजनीतिक स्वरूपका माग र आन्दोलनमा केन्द्रित छ । यतिबेला नीति र कार्यक्रमकेन्द्रित आन्दोलन कमजोर देखिएको छ । तर, हिजो एकखाले सैद्धान्तिक धरातलमा गरिएको माग र दाबी भोली बन्ने राज्यको नयाँ स्वरूपसँग नमिल्ने संभावना पनि छ । राज्यको तर्फबाट हिजो गरिएका निर्यणहरू पनि नमिल्न सक्छन् । अर्कोतिर नीति निर्माणको प्रक्रियामा हुने/भएका सैद्धान्तिक बेमेल पनि नीति कार्यान्वयन नहुने एउटा कारण हो ।[3] यो अध्ययनको मूल तर्क के हो भने आन्दोलनको सैद्धान्तिक धरातल र राज्यले त्यसलाई ग्रहण गर्दा अपनाउने सैद्धान्तिक धरातलबीचको फरकले नीति बन्ने र कार्यान्वयन हुने क्रममा सन्तुलन हुन सक्दैन । त्यसैले राज्य र गैर-राज्यको तहमा भए/गरेका नीतिगत तथा कार्यक्रमिक क्रिया/प्रतिक्रियाको तर्कहरू बुझ्न जरूरी छ । यसैलाई टेकेर नयाँ बन्ने राज्यको स्वरूपअनुरूपको नीति, कार्यक्रम र संरचनाका लागि अभियान चलाउन सक्नुपर्छ ।

नेपालमा सामाजिक समूहहरूले उठाउने विषय वा सवाललाई सम्बोधन गर्न राज्यले कुनै न कुनै किसिमका संरचना वा 'इन्स्टिच्यूसन' बनाएको छ । जस्तो : राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोगआदि ।[4]आदिवासी जनजातिका लागि राज्यले 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान' ऐनमार्फत बनाएको छ । त्यसैले सामाजिक समूहहरूका माग र दाबीलाई सम्बोधन गर्न राज्यले कस्तो 'उपकरण'को प्रक्षेपण गर्ने रहेछ ? भन्ने प्रश्नलाई केन्द्रमा राखिएको छ । यो प्रश्नको उत्तर खोज्न आदिवासी जनजातिका 'राज्य संयन्त्र'को माग/दाबीलाई राज्यले कसरी एवं कुन 'उपकरण'को माध्यमले सम्बोधन गरेको छ भन्ने विषयमा यो अध्ययन केन्द्रित छ ।

'राज्य संयन्त्र'को मागमा एकरूपता छैन । त्यसैले मागको आधारभूमी बुझ्न अन्तर्वार्ता गरिएको छ । राज्यको 'उपकरण'बारे बुझ्न अन्तर्वार्ता र दस्तावेजको अध्ययन गरिएको छ । जनजाति उत्थान प्रतिष्ठान कार्यदल, राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४ र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ लगायत दस्तावेजको अध्ययन गरिएको छ ।

---

[1]'जनजाति' आन्दोलनलाई राज्यले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत र नेपाल जनजाति महासंघले वि.सं. २०६३ मा सम्पन्न छैटौ महाधिवेशनपछि 'आदिवासी/जनजाति' भनेर आधिकारिक प्रयोगको सुरुबात गरेको हो

[2]जनजाति विकास समितिका पूर्व कार्यकारी निर्देशक चैतन्य सुब्बासँग २०७० भदौ १७ गते र महासंघका पूर्व महासचिव सुरेश आले मगरसँग भदौ १८ गते काठमाडौंमा गरेको कुराकानी

[3]उदाहरणको लागि 'जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयक'मा संसदबाहिर पनि आदिवासी जनजाति महासंघले प्रशस्त छलफल गरेको थियो । चैतन्य सुब्बाले "संसदमा प्रस्तुत जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयकका केही विवादास्पद प्रावधानहरू छन्, जो संस्थाको उद्देश्य र प्रयोजन निस्फल गर्न पर्याप्त छन्" भन्ने तर्क गरेका छन् (सुब्बा, २०६० पेज ३२)

[4]महिला तथा दलित आयोग २०५८/५९ मा बनेका हुन्, गुरूङ २०६५

सुरूमा यो अध्ययनको अवधारणासम्बन्धी छलफल गरिएको छ । त्यसपछि पहिलो उपखण्डमा आदिवासी जनजातिको परिभाषा विषयमा राज्य र महासंघबीचको भिन्नताबारे चर्चा गरिएको छ । दोस्रो उपखण्डमा आदिवासी/जनजाति आन्दोलनको उठान र यसको सैद्धान्तिक सन्दर्भबारे परिचर्चा गरिएको छ । र, तेस्रो उपखण्डमा महासंघले विभिन्न समयमा गरेका राज्य संयन्त्रको माग/दाबी र त्यसलाई राज्यले कुन 'उपकरण'को माध्यमले स्वीकृत वा ग्रहण गऱ्यो भन्ने विषयमा छलफल गरिएको छ ।

**अध्ययनको अवधारणा**

आदिवासी जनजाति समूहलाई परिभाषित गर्ने र त्यसलाई राज्यले मान्यता दिने विन्दुबाट नेपालमा आदिवासी जनजाति आन्दोलनको औपचारिकता वा सार्वजनिक स्वीकृति प्रारम्भ भएको हो । त्यसैले परिभाषाको विषयलाई सुरुमा छलफल गरिएको छ । आदिवासी जनजाति शब्दको परिभाषा गर्ने अभियानदेखि अहिले 'पहिचानसहितको संघीयता'को माग/दाबीसम्मको यात्रालाई हेर्दा महासंघ निश्चित सैद्धान्तिक/दार्शनिक विचारबाट निर्देशित छ । महासंघले विभिन्न समयमा भिन्न-भिन्न स्वरूप र स्वभावका 'राज्य संयन्त्र'को माग/दाबी गरेका छन् र यसका छुट्टाछुट्टै तर्क पनि छन् । त्यसैले आदिवासी जनजाति आन्दोलनलाई 'सामाजिक आन्दोलन'को ढाँचामा बुझ्ने/बुझाउने प्रयास गरिएको छ ।

सामाजिक आन्दोलन शब्दको प्रयोग सन् १८५० मा जर्मन समाजशास्त्री लोरेन्ज भोन स्टेनले पहिलोपल्ट गरेका थिए ।[5] भारतीय समाजशास्त्री टि.के. ओमनले संस्कार/संस्कृति, सामाजिक संगठन र समाजका नयाँ योजनाले सामाजिक आन्दोलन प्रारम्भ हुन्छ भनेका छन् । सामाजिक आन्दोलनको उद्भव समाजमा विद्यमान असमानताले हुन्छ भन्ने ओमनको तर्क छ । सामाजिक आन्दोलनले पहिचान, समता र सुरक्षाको विषयलाई स्पष्टसँग उठाएको हुन्छ ।[6]नेपालको आदिवासी जनजाति आन्दोलन मूलतः समताको आन्दोलन हो । महासंघको विधानको प्रस्तावनामा "...हामी आदिवासी जनजातिहरूले आफ्नो भाषा, भेष-भूषा, संस्कृति, धर्म, लिपि र समुदायको विकासका लागि ... जातीय हक अधिकार प्राप्तिका निम्ति क्रियाशिल रहँदै..." उल्लेख छ ।[7] महासंघले समताको आन्दोलनमार्फत पहिचानलाई स्थापित गर्ने दिशा समाएको छ ।

'नीतिगत बहस'को संसारमा प्रबल पाँच (समता, क्षमता, सुरक्षा, स्वतन्त्रता र समुदाय) अवधारणालाई डेब्राह स्टोनले चर्चा गरेका छन् । स्टोनले 'समता' शब्दलाई 'एकै/उस्तै रूपमा व्यवहार' गर्नु भनेर अर्थ्याएका छन् । समताले 'न्यायपूर्वक' वा 'अनुकूल' र समानताले 'एकरूपता'लाई बुझाउँछ । समताको सम्बन्ध ठाडो र तेर्सो दुई आयाममा हेर्न सकिन्छ । ठाडो आयामले समान अवस्थाबीच समान व्यवहार र तेर्सो आयामले असमान अवस्थाबीच असमान व्यवहारमार्फत 'न्याय' वा 'अनुकूलता' प्रर्दशन गर्न सकिन्छ ।[8] 'समता'को अवधारणा 'सामाजिक न्याय'सँग जोडिएको हुन्छ । नेपालको आदिवासी जनजाति आन्दोलनलाई सामाजिक आन्दोलनभित्र 'समता'को अवधारणासँग जोडेर यहाँ छलफल गरिएको छ ।

सामाजिक आन्दोलनमा 'राज्य संयन्त्र'को दाबी पछाडिको तर्क र राज्यले यस्ता संरचना बनाउँदा अपनाउने तर्कको खोजी गर्ने उद्देश्यले यो अध्ययनलाई व्यवस्थित गरिएको छ । यो अध्ययनमा सामाजिक आन्दोलन भनेर नेपाल आदिवासी जनजाति महासंघको क्रियाकलाप र 'राज्य संयन्त्र' भनेर 'राष्ट्रिय

[5]मानन्धर, सन् २०१०

[6]ओमन, २०१०

[7]नेपाल आदिवासी जनजाति महासंघ, २०६३, पेज १

[8]स्टोन, सन् २००२

जनजाति विकास समिति' तथा 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान'लाई भन्न खोजिएको हो । राज्य संयन्त्रको माग/दाबी गर्ने *इन्स्टिच्यूट, एक्टर र कन्टेक्स्ट* तथा स्वीकृत/ग्रहण गर्ने *इन्स्टिच्यूट, एक्टर र कन्टेक्स्ट*लाई ध्यानमा राखिएको छ । माग/दाबी गर्ने सामाजिक समूह र त्यसलाई स्वीकृत/ग्रहण गर्ने राज्य दुवैमा *एक्टर* र *कन्टेक्स्ट*बीचको सम्बन्धले पनि नीति निर्माण प्रक्रिया प्रभावित हुने भएकाले *एजेन्सी एप्रोज* विधि अपनाइएको छ ।

**चित्र १: अध्ययनको अवधारणा**




चित्र १मा अध्ययनको अवधारणालाई प्रस्तुत गरिएको छ । आदिवासी जनजाति आन्दोलनले 'आदिवासी जनजाति'को परिभाषा यिनीहरूको सूचीकरण र यिनीहरूको आवाज सुन्ने संयन्त्रसम्बन्धी गरेका मागलाई सम्बोधन गर्न राज्यले जुन 'उपकरण'को व्यवस्था गरेको छ त्यस 'उपकरण'को स्वरूप र स्वभाव तथा त्यस्ता 'उपकरण' बन्ने प्रक्रियासँग जोडिएको राजनीतिलाई केलाउने प्रयास गरिएको छ । तर, आदिवासी जनजाति सूचीकरणको विषयमा कुनै छलफल गरिएको छैन । परिभाषा र संयन्त्रको मध्यभागमा सूचीकरणको विषय उठ्ने भएकाले चित्र १ मा समेटिएको हो ।

यो लेखमा 'गैर-राज्य' शब्दको प्रयोग गरिएको छ । अंग्रेजी भाषाको 'नन्-स्टेट' शब्दले दिने अर्थ बुझाउन 'गैर-राज्य' शब्दको प्रयोग गरिएको हो । छिमेकी देश भारतमा 'सार्वजनिक नीति' बन्न/बनाउन गैर-राज्यको क्षेत्रमा राजनीतिक दल, दबाब समूह र व्यक्ति स्वयम्ले अहम् भूमिका निर्वाह गर्छन् ।[ii] राज्यका अंगहरू कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र स्थायी सरकार भनिने कर्मचारीतन्त्रभन्दा गैर-राज्य पक्षका दृष्टिकोण र प्रभाव संयोजित हुन्छ भन्ने तर्क पनि गरिन्छ । दबाब समूहहरू शहर केन्द्रित हुन्छन् भन्ने आरोप पनि छ । तर, नेपालको सन्दर्भमा आदिवासी जनजाति आन्दोलनलाई गैर-राज्यको तहमा भएको शहरी र ग्रामीण दुवै अवस्थितिमा संगठन भएको एक प्रकारको 'दबाब समूह' मान्न सकिन्छ ।

## परिभाषाको सन्दर्भ

कुनै वर्ग वा समूह विशेषको उत्थान वा विकासका लागि निश्चित प्रकारको संरचना वा संस्था निर्माण गर्ने विषय लक्षित वर्गको पहिचान, उनीहरूको समस्या र समाधानका नीति, योजना र कार्यक्रमसँग जोडिएको हुन्छ । त्यसैले यहाँ 'जनजाति'को परिभाषालाई राज्यले कुन रूपमा स्वीकार गरेको थियो/छ भन्ने विषयमा छलफल गरिएको छ । 'जनजाति' शब्द कै भरमा नेपालका आदिवासी जनजातिहरू संगठित बनेका थिए । पहिलोपल्ट आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले 'आदिवासी' शब्दको प्रयोग गऱ्यो । त्यसपछि महासंघले पनि आफ्नो नाममा 'आदिवासी' शब्द थप गरेको हो ।

---

[ii]साप्रु, सन् २०१२

अवधारणागत दृष्टिले आदिवासी र जनजाति दुई फरक समूह/समुदाय हुन् । डा. हर्क गुरूङले 'आदिवासी' र 'जनजाति' दुई फरक विशेषता र सन्दर्भमा प्रयोग गरिने शब्द भनेर व्याख्या गरेका छन् ।

> आदिवासी र जनजातिको बेग्लाबेग्लै अर्थ लाग्छ । 'आदिवासी' कालसित सम्बन्धित र 'जनजाति' सामाजिक बनोटसित सम्बन्धित छ । 'आदिवासी' भनेको पुरानो तथा रैथाने सामाजिक समूहलाई जनाउँछ । यस अर्थमा नेपालका आदिवासीहरूमध्ये कर्णाली अञ्चलका मतवाली खस पनि पर्दछ । 'जनजाति' भन्नाले हिन्दू वर्णाश्रमबाहिरका गैर-खसभाषी तथा परम्परागत संस्कार मान्ने जातीय समूहहरूलाई जनाउँछ । सामान्यता, जनजातिहरू मङ्गोल (किराती) हुन् ।[10]

'जनजाति' शब्दको प्रयोग भारतका आदिवासी समुदायलाई सम्बोधन गरिने 'ट्राइब'को नेपाली अनुवाद हो भन्ने तर्क एकातिर छ । अर्कातिर चिनीयाँ अवधारणाको 'अल्पसंख्यक जाति' (साओसु मिन्जु)लाई नेपालमा 'जनजाति' भनिएको तर्क पनि छ ।[11] जनजाति उत्थान प्रतिष्ठान कार्यदलले 'जनजाति' शब्दभित्र 'आदिवासी' र 'मूलवासी' दुवैलाई समेटेको छ । सन् १९६० को दशकमा नै बालचन्द्र शर्माद्वारा लिखित शब्दकोषमा 'जनजाति' शब्दलाई समावेश गरिएको थियो ।[12] जनजाति, आदिवासी, मूलवासी, मङ्गोल र किरात विभिन्न समयमा पर्यायवाचक रूपमा प्रयोग भएको देखिन्छ । सन् १८५४ को मुलुकी ऐनले आजका आदिवासी जनजातिलाई 'मतवाली' भनेको थियो । तर, नेपाली समाजमा परम्पराकै रूपमा विभिन्न आदिवासी जनजाति समूहलाई 'मतवाली' शब्दले चिनाइन्थ्यो ।[13] केही जनजाति अगुवा र राज्यका तीनओटा 'उपकरण'हरू नेपाल अधिराज्यको संविधान २०४७, जनजाति उत्थान प्रतिष्ठान कार्यदल र राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४ ले 'जनजाति' शब्दको प्रयोगलाई जनमानसमा स्थापित गराएका हुन् ।

'जनजाति' शब्द प्रयोगको हिसाबले पहिलो भएकाले 'औपचारिक' परिभाषा पनि पहिले नै गरेको पाइन्छ । नेपाल जनजाति महासंघको विधानमा सबभन्दा पहिले 'जनजाति'को परिभाषा गरिएको पाइन्छ । त्यसपछि जनजाति उत्थान प्रतिष्ठान कार्यदलले आफ्नो प्रतिवेदनमा 'जनजाति'को परिभाषा गरेको छ । यी दुई परिभाषामा 'हिन्दू वर्णाश्रम'को संरचनाभित्र नपर्ने भनेर भनिएको छ । र, यही विषयमा बढ्ता जोड पनि देखिन्छ । राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४ ले 'हिन्दू वर्णाश्रम'को विषयलाई छोएको छैन । यसले मौलिक भाषा र संस्कृति तथा सामाजिक विकासमा पछि परेका भन्ने मापदण्डलाई 'जनजाति'को परिभाषासँग जोडेको छ ।

नेपालमा 'आदिवासी' शब्दको प्रयोग संयुक्त राष्ट्र संघले सन् १९९३ लाई विश्व आदिवासी अन्तरराष्ट्रिय वर्ष घोषणा गरेपछि नेपालमा राष्ट्रिय समिति गठनसँगै भएको हो । 'आदिवासी/जनजाति'लाई पर्यायवाचक रूपमा पहिलो पल्ट आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले प्रयोग गरेको छ । ऐनले 'आदिवासी/जनजाति' हुन पाँचओटा आधारहरू हुनु पर्ने उल्लेख गरेको छ । ती हुन् : मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान, सामाजिक संरचना र इतिहास । नेपाल आदिवासी/जनजाति महासंघको छैटौं महाधिवेशन २०६३ द्वारा संशोधित विधानले 'आदिवासी/जनजाति'को परिभाषामा प्रतिष्ठान ऐनभन्दा थप दुईओटा सामान्य आधारहरू परम्परागत भौगोलिक बसोबासको क्षेत्र र धर्म हुनु पर्ने भनेको छ । र, अर्को मुख्य आधारमा 'हिन्दू वर्णाश्रम'भित्र नपर्ने भनेर उल्लेख गरेको छ ।

---

[10]गुरूङ, सन् २००४, पेज ५४

[11]तोफाँ, सन् २०१३

[12]माबुहाङ, २०७०

[13]शेरचन, सन् २००४

'जनजाति' वा 'आदिवासी/जनजाति'को परिभाषाका सन्दर्भमा राज्य र महासंघबीच 'हिन्दू वर्णाश्रम'को विषयमा मतान्तर रहदै आएको छ । महासंघ र आदिवासी जनजातिहरूले आफूलाई हिन्दू वर्णाश्रमभित्र नपर्ने दाबी गरेको भए पनि राज्यले त्यो विषयलाई ग्रहण गरेको छैन । हिन्दू वर्णाश्रमको विषयलाई सीमा-रेखाको रूपमा आदिवासी जनजातिहरूले लिनु पर्ने हर्क गुरूङको तर्क थियो ।[14]

### टेबुल १. राज्य र गैर-राज्यबीच आदिवासी जनजातिको परिभाषामा अन्तर

| क.सं. | गैर-राज्य | राज्य |
|---|---|---|
| १. | नेपाल जनजाति महासंघको विधान २०४७ :'जनजाति' भन्नाले 'हिन्दू वर्णाश्रमको संरचनाभित्र नपर्ने नेपालका आदिवासी एवं मूल जातिहरूलाई जनाउँछ' ।[15] | राष्ट्रिय जनजाति विकास समिति : 'जनजाति' भन्नाले सामान्यता आफ्नै मौलिक भाषा र संस्कृति भएका, सामाजिक विकासका दृष्टिले अन्य जाति भन्दा पछि परेका अनुसूची-१ मा संलग्न जनजातिहरू र श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका जाति वा समुदाय सम्झनु पर्छ । |
| २. | जनजाति उत्थान प्रतिष्ठान कार्यदलको प्रतिवेदन २०५३ : "आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन्" ।<br>'जनजाति' भन्नाले निम्न विशेषताहरू भएका समुदायलाई जनाउँछ :<br>• जसको आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान छ ।<br>• जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ ।<br>• जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।<br>• जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।<br>• जसको लिखित वा अलिखित इतिहास छ ।<br>• जुन समुदायभित्र 'हामी भावना' छ ।<br>• जुन समुदायहरूको आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा निर्णायक भूमिका छैन ।<br>• जो नेपालको आदिवासी हो ।<br>• जसले आफूलाई जनजाति भन्दछ । | |
| ३. | नेपाल आदिवासी/जनजाति महासंघको विधान २०६३ : 'आदिवासी/जनजाति' भन्नाले साधारणतः हिन्दू वर्णाश्रमभित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबासको क्षेत्र, धर्म, संस्कृति, इतिहास, मौलिक मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान र सामाजिक संरचना भएको अनुसूचि बमोजिमको आदिवासी जनजातिलाई बुझाउँछ । | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ : 'आदिवासी/जनजाति' भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ । |

नेपाल आदिवासी जनजाति महासंघको सिन्धुपाल्चोकको चौतारामा २०६८ कात्तिक २४ र २५ गते सम्पन्न दोस्रो राष्ट्रिय भेलाले जारी गरेको घोषणापत्रको बुँदा ३ मा 'आदिवासी'को परिभाषासम्बन्धी विषयलाई उठाएको छ । उक्त बुँदामा भनिएको छ :

> अन्तरराष्ट्रिय मान्यताअनुसार 'आदिवासी' शब्दले शासक जातिका मानिसहरूको अतिक्रमण हुनुभन्दाअघि स्वशासित जाति, कुनै निश्चित भूगोललाई आफ्नो ऐतिहासिक पुर्ख्यौली वा पहिलो बासिन्दा मान्ने र निरन्तर रूपमा बसोबास गर्दै आएका, राज्यको मूल प्रवाहका भाषा संस्कृतिभन्दा भिन्न भाषा, संस्कृति र पहिचान भएका, शासक जातिको आप्रवासान वा अतिक्रमण वा विजय वा राज्य निर्माणका कारणले सत्ताबाट विस्थापन वा उत्पीडनमा परेको र नेपालको विशिष्ट परिस्थितिमा हिन्दू वर्णाश्रमभित्र नपर्ने मानव समुदाय/जाति/राष्ट्रका

[14]जनजाति उत्थान कार्यदलका सदस्य कृष्ण भट्टचनसँग २०७० असोज २ गते काठमाडौंमा गरिएको कुराकानी

[15]जनजाति उत्थान कार्यदलको मूल प्रतिवेदन, २०५३, पेज ११

सन्तानहरूलाई बुझाउने भएकाले शासक जातिका बाहुन र क्षेत्रीहरू नेपालको आदिवासी हुन नसक्ने घोषणा सार्वजनिक गरियोस ।[16]

क्षेत्री समाजको नाममा क्षेत्रीहरू पनि 'आदिवासी' भएको दाबी गर्दै चलेको आन्दोलनलाई ध्यानमा राखेर महासंघले 'आदिवासी'को परिभाषालाई पुनः छलफलमा ल्याएको हुन सक्छ । माथि उल्लेखित अनुच्छेदमा प्रष्टसँग बाहुन र क्षेत्री 'आदिवासी' होइनन् भन्ने वाक्यांस पर्नु नै यसको प्रमाण हो ।

नेपाल आदिवासी जनजाति महासंघले 'हिन्दू वर्णाश्रम'भित्र नपर्ने भनेर आदिवासी जनजातिहरू गैर-हिन्दू भएको विषयमा जोड दिएको छ । तर, राज्यले आदिवासी जनजातिहरूको धार्मिक अडानप्रति कुनै पनि ढंगले सम्बोधन गरेको छैन । आदिवासी जनजातिको परिभाषालाई लिएर महासंघ र राज्यबीच हिन्दू वर्णाश्रमको विषयमा अहिले पनि बेग्लाबेग्लै दृष्टिकोण र धारणा विद्यमान छ ।

## आदिवासी/जनजाति आन्दोलनको सैद्धान्तिक सन्दर्भ

नेपालमा आदिवासी आन्दोलनको सैद्धान्तिक धरातलबारे मतान्तर छ । यस्तो मतान्तर व्यक्तिगत बुझाइले भएको हो । सरल ढंगले बुझ्न खोज्ने वा बुझाउने हो भने आदिवासी जनजाति आन्दोलन 'हिन्दू राज्य' व्यवस्थाले निर्माण गरेको विभेद विरूद्धको संगठीत प्रयास हो । वि.सं. २०४७ को संविधानले नेपाललाई 'हिन्दू अधिराज्य'को रूपमा परिभाषित गरेकाले दलितलाई अछुत एवं जनजाति र महिलालाई दोश्रो दर्जाको प्राणीको रूपमा विभेद भएको हर्क गुरूङको तर्क छ ।[17] यो विषयलाई बुझ्ने अर्को तरिका पनि छ । आदिवासी जनजाति आन्दोलन 'उपेक्षा'ले जन्माएको 'साझेदारी'को अभियान हो । आदिवासी जनजातिहरू दुई प्रकारका 'उपेक्षा'मा परेका छन् । पहिलो, पृथ्वीनारायण शाहले गोर्खा राज्यको विस्तारमा खस, मगर र गुरूङहरूलाई उपयोग गरे । यिनीहरू उपयोग भएर उपेक्षामा परेको समूह हो । दोस्रो, काठमाडौं उपत्यकाका नेवार र पूर्वका किरातहरूलाई पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तारको क्रममा गोर्खा राज्यमा मिलाए । यद्यपि पृथ्वीनारायण शाहको अभियान नेपाली राष्ट्र-राज्यको निर्माण थिएन । त्यसैले उपत्यकाका नेवार र पूर्वका किरातहरू अतिक्रमित उपेक्षामा परेका समूह हुन् ।[18]

नेपालको इतिहासमा विभिन्न जनजातीय समूहले देशका विभिन्न स्थानमा छुट्टाछुट्टै सवालमा आन्दोलन गरेको पाइन्छ । सन् १९५० र ६० दशकमा मात्रै तीनओटा विद्रोहहरू भएका छन् । सन् १९५० मा भएको माझ किरात (भोजपुर)को किरात आन्दोलन, १९५१ को नुवाकोटमा भएको तामाङ विद्रोह (किसान आन्दोलन) र १९६४ मा किपट प्रथा उन्मूलनविरूद्ध किरात विद्रोह भएको थियो ।[19] वि.सं. २०३९ सालतिर आउँदा जनजातिको हक र अधिकारका लागि भनेरै 'सर्वजातीय अधिकार मञ्च' नामक संस्था सतहमा देखिए ।[20] पञ्चायत एवं पञ्चायतपूर्व नेपालमा जनजाती समुदायबाट विद्रोह गरेर होस् या संगठीत प्रयासमार्फत आफ्नो उपस्थिति र सरोकारलाई राज्यसामु राख्ने प्रयत्न भएको थियो ।

[16]नेपाल आदिवासी जनजाति महासंघको कार्य प्रगति प्रतिवेदन (२०६६ चैत २५ गतेदेखि २०६९ चैत २७ गतेसम्म), पेज ४३

[17]गुरूङ, २०६५

[18]चैतन्य सुब्बासँग २०७० भदौ १७, प्रतिष्ठानका पूर्व उपाध्यक्ष जितपाल किरातसँग भदौ १९ र महासंघका पूर्व महासचिव बालकृष्ण माबुहाङसँग असोज १ गते काठमाडौंमा गरिएको कुराकानी

[19]गुरूङ, सन् २००४ख

[20]गुरूङ, २०५७

वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि नेपालका जनजातिहरू पनि संगठीत भए । आठओटा जातीय संस्थाहरू मिलेर नेपाल जनजाति महासंघको विधिवत् गठन २०४७ बैशाख २२ गते भएको थियो ।[21] नेपाल अधिराज्यको संविधान २०४७ को मौलिक हक 'स्वतन्त्रताको हक २(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता'को उपयोग गर्दै महासंघको गठन र विस्तार भएको हो । महासंघका घोषित उद्देश्य "जनजातिहरूको भाषा, लिपि, धर्म, संस्कृति, साहित्य, कला, इतिहास, पारम्परिक ज्ञान, सीप तथा प्रविधिको विकास, संरक्षण तथा सम्बर्द्धन गर्नुका साथै उनीहरूको समष्टिगत सामाजिक, आर्थिक तथा राजनीतिक विकास र उत्थान गर्दै समतामूलक समाजको निर्माण गरी देशको समुन्नतिमा सामूहिक योगदान पुऱ्याउनु ..." भनेर उल्लेख गरिएको छ ।[22] स्थापनाको अवधिमा महासंघले भाषा, धर्म र संस्कृतिको विषयमा बढी जोड दिएको थियो । सुसन ह्याञ्जेनका अनुसार महासंघले सन् १९९० को दशकमा भाषिक अधिकार, धार्मिक स्वतन्त्रता र सांस्कृतिक पुनर्जागरणको काम गरेको थियो । महासंघको ध्येय भनेकै सदस्य-संगठनबीच कामको संयोजन गर्नु थियो । महासंघले आफ्नो विस्तार र विकाससँगै आन्दोलन गर्ने, राजनीतिक दललाई दबाब दिने तथा समाज र अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्दै सरकारलाई आफ्नो मागप्रति सचेत गराउने काम गऱ्यो ।[23]

आदिवासी जनजाति आन्दोलन अगाडि बढ्ने क्रममा विभिन्न अन्तरराष्ट्रिय उपकरणहरूको उपयोग पनि सुरु भयो । आदिवासी जनजाति आन्दोलनलाई 'मानव अधिकार'को अवधारणासँग जोडेर व्याख्या गर्न थालियो । यसका दुईओटा कारण थियो । पहिलो, सामाजिक तहमा जातीय शोषण/दमन विद्यमान थियो । दोस्रो, राज्यको तहमा एउटा भाषा र धर्मले राज्य सञ्चालनमा हालिमुहाली गरिरहेको थियो । त्यसैले यसलाई 'मानव अधिकार'को विषय बनाउनु पर्छ भन्ने महासंघभित्रै छलफल सुरु भयो । नेपालका आदिवासी जनजाति आन्दोलनलाई 'अन्तरराष्ट्रियकरण' गर्न सकिन्छ भन्ने तर्कका आधारमा यो विषयले प्रवेश पाएको हो ।[24] अहिले महासंघले गर्ने सबै क्रियाकलाप 'मानव अधिकार'को क्षेत्राधिकारभित्रबाट उठाउने गरिएको छ ।[25]

अन्तरराष्ट्रिय आदिवासी वर्ष १९९३ को अवसरमा अष्ट्रियाको भियनामा जून १४ देखि २५ सम्म संयुक्त राष्ट्र संघको आयोजनामा सम्पन्न मानवअधिकार विषयक विश्वसम्मेलनको लागि तयार पारिएको 'नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र'ले स्वतन्त्र अस्तित्व, मौलिक स्वतन्त्रता र मानव अधिकारको उपभोग गर्न पाउँदा मात्रै कुनै पनि समुदायले पूर्ण मानवीय अस्तित्वसहित बाँच्न सक्दछ भन्ने निष्कर्ष निकालेको छ ।[26] कार्यपत्रमा राज्यको कानूनी आधारबारे छलफल गर्दै "... राज्यको निर्माण भएदेखि नै नेपालका आदिवासीहरू उपेक्षित हुनु परेको र उनीहरूको मानव अधिकार एवं मौलिक हक दमन गरिएको छ । परम्परागत कानून (संहिता) धर्मशास्त्रको आधारमा लागू गरिएको छ" भन्ने तर्क गरिएको छ ।[27]

---

[21]नेपाल जनजाति महासंघमा किरात याक्थुङ चुम्लुङ, किरात राई सास्कृतिक संघ हालको संशोधित नाम किरात राई यायोक्खा, नेपाल तामाङ घेदुङ, नेपाल भाषा मका खलः हालको संशोधित नाम नेवाः देय् दबु, सगरमाथा सेवा केन्द्र हालको संशोधित नाम नेपाल शेर्पा संघ, नेपाल लाङघाली संघ हालको संशोधित नाम नेपाल मगर संघ, तमू बौध सेवा समिति हालको संशोधित नाम गुरूङ (तमू) राष्ट्रिय परिषद् र सुनुवार सेवा समाज संस्थापक सदस्य थिए । नेपाल आदिवासी/जनजाति महासंघको विधान, २०६३ बाट लिइएको हो ।

[22]गुरूङ, २०५७पेज १२

[23]सुरेश आले मगरसँग २०७० भदौ १९ गते काठमाडौंमा गरिएको कुराकानी र सुसन आई. ह्याञ्जेन, सन् २०१०

[24] जितपाल किरातसँग २०७० भदौ १९ गते काठमाडौंमा गरिएको कुराकानी

[25] महासंघका वर्तमान अध्यक्ष नगेन्द्र कुमालसँग २०७० भदौ ३० गते काठमाडौंमा गरिएको कुराकानी

[26]नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र, सन् १९९३

[27]नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र, सन् १९९३ पेज २२

राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा जीवनका अन्य क्षेत्रमा आदिवासीहरूको मानव अधिकार, स्वतन्त्रता र मूल्यमान्यता दमित गरिएको भनेर कार्यपत्रमा चर्चा छ ।

नेपालमा जनजातिको संगठन र आन्दोलन प्रारम्भमा 'वाम' राजनीतिसँग निकट रहेको देखिन्छ । वाम-राजनीतिले उपेक्षित वा पछाडि परेका/पारिएका वर्ग वा समुदाय वा समूहको विषयमा छलफल हुने र संगठित बन्ने विषयमा जोड दिएको हुन्छ । शोषितहरू शोषकका विरूद्ध संगठनमार्फत संगठित विरोधमा उठ्नु पर्छ भन्ने वाम सन्देशबाट नेपालका आदिवासी अगुवाहरू प्रभावित भएको हुन सक्छ । त्यसैले नेपाल जनजाति महासंघको स्थापना गर्ने व्यक्तिहरू र लामो समयसम्म महासंघको नेतृत्व गर्ने सबै 'वाम' पृष्ठभूमीका थिए ।[28] वाम-राजनीतिको छत्रछायाँमा नेपालको आदिवासी जनजाति आन्दोलनले हुर्कने अवसर पाएको एकहदसम्म साँचो हो । तर, वाम-राजनीतिले नेपालका आदिवासी जनजातिहरूलाई उपयोग गर्‍यो वा आदिवासी जनजाति आन्दोलनले वाम-राजनीतिलाई उपयोग गरेको हो भन्ने थप छलफलको विषय हो ।

नेपालमा आदिवासी जनजाति आन्दोलनको इतिहास छोटो भएकोले सामाजिक सवाल र संगठनको स्वरूप तथा स्वभावका आधारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । प्रारम्भमा उपेक्षा/शोषणको उपचारका सवाल वा एजेण्डा तय गर्ने, बिचको अवधि उपेक्षा/शोषणको क्षतिपूर्ती वा समता वा सामाजिक न्यायका एजेण्डाहरू राज्यसामु प्रस्तुत गर्ने र पछिल्लो समयमा आदिवासी जनजातिको वास्तविक पहिचान स्थापित गराउने विषयमा आन्दोलन केन्द्रित छ । मोहन मानन्धरले नेपालको सामाजिक आन्दोलन र परिवर्तनको इतिहास सन् १९२० देखि २००६ सम्मको अवधिलाई तीनओटा समयावधिमा समेटेर प्रस्तुत गरेका छन् ।[29] भारतको छोटानागपुरमा चलेको आदिवासी आन्दोलनलाई के. एस. सिंहले पाँचओटा चरणमा एकत्रित गरेका छन् । पहिलो, संगठन निर्माणको चरण (नेतृत्व क्रिश्चियन विधार्थीहरूले लिए) । दोस्रो, शिक्षित आदिवासीहरूले रोजगारीको सुनिश्तिता र आरक्षणको विषय उठाए । तेस्रो, आदिवासी महासंघको नेतृत्वमा सैनिक अभियान सञ्चालन भयो । चौथो, झारखण्ड पार्टीको उदय भयो, र सन् १९७५ मा आउँदा पाँचौ चरण पूरा भयो, यो चरणमा स्वायत्तताको माग उठ्यो तर एकिकृत पार्टी थिएन ।[30]

समग्रमा नेपालको आदिवासी जनजाति आन्दोलन उपेक्षा वा शोषण विरूद्धको संगठित अभियान नै हो । आदिवासी जनजाति आन्दोलनको वैचारिक वा सैद्धान्तिक आधार उपेक्षा वा शोषणविरूद्धको आवाज हो । प्रारम्भमा आदिवासी जनजातिहरूको भाषा, धर्म र संस्कृतिसँग जोडिएका विषयलाई केन्द्रमा राखेर महासंघले आफ्ना गतिविधिहरू सञ्चालन गरेको थियो । आदिवासी जनजाति आन्दोलनमा मानवअधिकारको विषयलाई अन्तरराष्ट्रियकरण हुने लोभ र आन्दोलनको गुणस्तरीय प्रभावका लागि उपयोग गरिएको हो । सामाजिक आन्दोलन 'संगठन'को रूपमा र संगठन 'आन्दोलन'को रूपमा रूपान्तरण हुने गर्दछ । 'आन्दोलन' र 'संगठन' सामाजिक बन्धनका दुई चरण हुन् । समाजलाई प्रक्रियाको रूपमा वा संगठन (सोलिड स्टेट) र आन्दोलन (फ्लुईड स्टेट)बीचको सामाजिक बन्धनलाई मान्यता दिने घटनाको रूपमा पनि हेर्न सकिन्छ ।[31] त्यसैले नेपालको आदिवासी जनजाति आन्दोलनलाई उपचारको एजेण्डा तय गर्ने, सामाजिक न्यायको एजेण्डा प्रस्तुत गर्ने र पहिचानको सवाललाई उत्कर्ष दिने तीनओटा ढाँचामा बुझ्न सकिन्छ ।

---

[28]महासचिव बालकृष्ण माबुहाङसँग २०७० असोज १ गते गरिएको कुराकानी

[29]मानन्धर, सन् २०१०

[30]सिंह, सन् २००२

[31]ओमन, सन् २०१०

जनजाति आन्दोलनले उपेक्षा वा शोषणको उपचारका लागि थुप्रै माग र दाबी गरेका छन् । ती मागहरू भाषा, लिपि, धर्म, संस्कृति र इतिहाससँग सम्बन्धित छन् । माग सम्बोधन गर्न वा आदिवासी जनजातिको विषयमा थप बहस, छलफल गर्न 'राज्य संयन्त्र'को आवश्यकता हुन्छ । महासंघले विभिन्न चरणमा विभिन्न ढंगले विभिन्न स्वरूपका 'राज्य संयन्त्र'का माग गरेका छन् ।

### राज्य संयन्त्रको माग/दाबी र स्वीकृति

नेपाल जनजाति महासंघको औपचारिक स्थापना २०४७ बैशाखमा भए पनि राज्यले आदिवासी जनजातिको विषयमा धेरैपछि मात्रै चासो दिएको थियो । महासंघले पनि सुरुमा भाषा, धर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास जस्ता केही अमूर्त विषयलाई मात्रै उठाई रह्यो । जनजाति समन्वय विकास केन्द्रले तयार गरेको जनजातिहरूको समस्या समाधानको उपाय र तत्कालिन नेपाल जनजाति महासंघ तथा अन्य जनजाति संगठनहरूले उठाएका सवाललाई एकिकृत गरी चैतन्य सुब्बाले संविधानसम्बद्ध माग र राज्यनीति वा कार्यक्रमसम्बद्ध मागलाई सूचीकृत गरेका छन् ।[32]

आदिवासी जनजातिहरूका सम्पूर्ण समस्या राज्यसत्ता र त्यसले अंगिकार गरेका नीतिहरू भएकाले त्यसका समाधानका बाटाहरू पनि राज्यसत्ता र नीतिसँग जोडिएको छ । चैतन्य सुब्बाले १८ ओटा संविधानसम्बद्ध मागहरू र ३७ ओटा राज्यनीति र कार्यक्रमसम्बद्ध मागहरूको सूची तयार गरेका छन् । संविधानसम्बद्ध मागहरूको सातौं बुँदामा 'माथिल्लो सदन/राष्ट्रियसभालाई अधिकार सम्पन्न जातीय सभामा परिणत गर्ने' माग समेटिएको छ । राज्यनीति र कार्यक्रम सम्बद्ध मागहरूको बुँदा २३ मा आदिवासी अध्ययन संस्थान गठन गर्ने, बुँदा ३१ मा राष्ट्रिय योजना आयोगभित्र 'जनजाति विकास सेल' बनाउने, बुँदा ३३ मा जनजाति मन्त्रालय बनाउने र बुँदा ३७ मा जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन गर्ने माग उल्लेख गरेका छन् ।

सन् १९९३ मा तयार गरिएको नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्रमा 'विश्व आदिवासी अन्तरराष्ट्रिय वर्ष'को अवसरमा नेपाल सरकार र अन्तरराष्ट्रिय समुदायसमक्ष १७ बुँदामा सुझावहरू प्रस्तुत गरिएको छ । सुझावको तेस्रो र छैटौ बुँदामा आदिवासीहरूका लागि दुईओटा छुट्टाछुट्टै 'संयन्त्र'को आवश्यकता औंल्याइएको छ ।

> ३. देशका सम्पूर्ण जनताहरूको सबै भाषा तथा संस्कृतिलाई समान मान्यता देओस् । आ-आफ्नै मातृभाषामा नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरोस । सबै आदिवासीहरूका भाषा तथा संस्कृतिको विकासको लागि एउटा राष्ट्रिय प्रज्ञा प्रतिष्ठानको स्थापना गरियोस् ।[33]
>
> ६. आदिवासीहरूका लागि उनीहरू कै स्वीकृति लिई विभिन्न नीतिहरू तथा कार्यक्रमहरू निर्धारण गर्ने कार्यको लागि संवैधानिक रूपमा 'राष्ट्रिय विकास आयोग'को स्थापना गरियोस् ।[34]

नेपाल जनजाति महासंघको विधान २०४७ र महासंघको स्मारिका २०५४ को आधारमा ओम गुरूङले 'नेपाल जनजाति महासंघले अघिसारेका साझा सवालहरू' शीर्षकमा १३ ओटा मागलाई सूचीकरण गरेका छन् । गुरूङले क्रमशः चौथो र पाँचौ बुँदामा राष्ट्रिय सभालाई जातीय सभामा परिणत गर्ने र जनजाति मन्त्रालय तथा प्रतिष्ठानको स्थापना गरिनु पर्ने संयन्त्र निर्माणसम्बन्धी माग उल्लेख गरेका छन् ।[35] दिलेन्द्र सुब्बाले सामाजिक आन्दोलनको बाटो अख्तियार गरेको नेपाल जनजाति महासंघले अघि सारेका

[32]सुब्बा, २०६०

[33]नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र, सन् १९९३ पेज ३५

[34]नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र, सन् १९९३ पेज ३६

[35]गुरूङ, २०५७

सवाललाई १४ बुँदाको सूची तयार गरेका छन् । उनले पनि चौथो र पाँचौ बुँदामा क्रमशः राष्ट्रियसभालाई जातीय सभा बनाउने र जनजाति मन्त्रालय तथा प्रतिष्ठान गठनको मागलाई उल्लेख गरेका छन् ।[36] आदिवासी जनजातिको विकाससम्बन्धी दशौं योजनाका लागि प्रस्ताव गरिएको एउटा प्रतिवेदनमा पनि 'कोअपरेटिङ एजेन्सी'को रूपमा आदिवासी जनजाति मन्त्रालय चाहिने भनिएको छ ।[37]

२०६१ साउन २६ (सन् २००४ अगस्त १०) मा काठमाडौंमा सम्पन्न 'विश्व आदिवासी दिवस (अगस्त ९, २००४) तथा दशक (१९९५-२००४) को उपलब्धी, समस्या र समाधानका उपायहरू' विषयक नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आयोजना गरेको विचार गोष्ठीका सिफारिस र सुझावहरू ५८ बुँदामा उल्लेख गरिएको छ । यसको १८ औं बुँदामा राष्ट्रियसभालाई अधिकार सम्पन्न जनजाति सभामा परिणत गर्नु पर्ने, बुँदा २३ मा आदिवासी जनजाति समस्या, विकास र उत्थानका विषयहरू हेर्ने जनजातिविज्ञ र प्रतिनिधिहरू संलग्न एक अलग्गै संवैधानिक निकायको व्यवस्था गरिनु पर्ने र बुँदा ५२ मा जनजाति मन्त्रालय र राष्ट्रिय योजना आयोगमा जनजाति विकास सेल स्थापना गर्न माग गरिएको छ ।[38]

नेपाल जनजाति महासंघको काठमाडौंमा सम्पन्न चौथो राष्ट्रिय महाधिवेशन सन् २००० ले घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा श्री ५ को सरकार, राजनीतिक दल, नागरिक समाज र सम्पूर्ण नेपालीलाई सम्बोधन गरी कार्यान्वयनका लागि १७ बुँदा घोषणा गरेको छ । घोषणापत्रको बुँदा ३ मा तत्कालीन राष्ट्रिय सभालाई जातीय सभामा परिणत गरियोस् र बुँदा १६ मा आदिवासी जनजाति मन्त्रालय तथा आदिवासी जनजाति आयोग गठन गरियोस् भन्ने दुईओटा संरचनात्मक माग पनि समावेश छन् ।

नेपाल सरकारको वार्ता टोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिबीच २०६४ साउन २२ गते ललितपुरको गोदावरीमा २० बुँदे सहमति भएको थियो । यो सहमतिमा सरकारी वार्ता टोलीका तर्फबाट वार्ता टोली संयोजक रामचन्द्र पौडेल, महासंघको तर्फबाट ओम गुरूङ र संयुक्त संघर्ष समितिको तर्फबाट के. बी. गुरूङले हस्ताक्षर गरेका छन् । उक्त सहमतिको पाँचौ बुँदामा 'आदिवासी जनजाति आयोग गठन गर्ने' उल्लेख गरिएको छ । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषदहरूको राष्ट्रिय भेला २०६७ असार २३, २४ र २५ गते चितवनको सौराहामा सम्पन्न भएको थियो । भेलाले २० बुँदे घोषणापत्र जारी गरेको छ । घोषणापत्रको १४ औं बुँदामा 'आदिवासी जनजाति मन्त्रालय गठन गरियोस् र उक्त मन्त्रालयमा आदिवासी जनजाति नै मन्त्री हुने व्यवस्था गरियोस्' भनेर उल्लेख गरिएको छ ।[39] २०६८ कात्तिक २४ र २५ गते सिन्धुपाल्चोकको चौतारामा सम्पन्न महासंघको दोस्रो राष्ट्रिय भेलाको घोषणापत्रमा ४० वटा बुँदा समेटिएको छ । घोषणापत्रको ३४ औं बुँदामा 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई आदिवासी जनजाति मन्त्रालय बनाईयोस' भनेर उल्लेख गरिएको छ ।

पछिल्लो चरणमा महासंघले 'पहिचानसहितको संघीयता'लाई आफ्नो मुख्य मागको रूपमा अगाडि सारेको छ । महासंघको नारामा 'पहिचानसहितको संघीय संविधान' भनिएको छ । महासंघको आठौं राष्ट्रिय महाधिवेशनले प्रस्तावित राज्य पुनर्संरचनाको सैद्धान्तिक आधारको पहिलो बुँदामा 'पहिचान (जाति, भाषा, संस्कृति, ऐतिहासिक पृष्ठभूमी र पूर्ख्यौली थात्थलो) मात्रको आधारमा प्रदेश निर्माण

[36]सुब्बा, २०५८

[37]आईआईडिएस, सन् २००२

[38]आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०६१

[39]नेपाल आदिवासी जनजाति महासंघको कार्य प्रगति प्रतिवेदन, २०७०(२०६६ चैत २५ गतेदेखि २०६९ चैत २७ गतेसम्म), पेज ४५

हुनुपर्ने' उल्लेख गरेको छ । नेपाल आदिवासी जनजाति महासंघले स्थापनाकालदेखि आजको मितिसम्म गरेका 'राज्य संयन्त्र'को मागलाई मोटामोटी पाँचओटा स्वरूपमा बुझ्न सकिन्छ ।

१) अध्ययन संस्थान वा एकेडेमी
२) आदिवासी जनजाति आयोग
३) आदिवासी जनजाति मन्त्रालय
४) जातीयसभा (माथिल्लो सदन/राष्ट्रियसभालाई जातीयसभा बनाउने)
५) पहिचानसहितको संघीयता[10]

अध्ययन संस्थान वा एकेडेमीको माग मूलतः भाषा, लिपि, कला, साहित्य, संस्कृति र इतिहासको संरक्षण, सम्बर्द्धन र विकासमा प्राज्ञिक कर्म गर्ने थलो चाहियो भन्ने सन्दर्भसँग जोडिएको छ । विश्व आदिवासी दिवस-२०६१ को सन्दर्भमा साउन २५ गते काठमाडौं घोषणापत्र जारी गरिएको थियो । घोषणापत्रमा ३२ बुँदा समेटिएका छन् । घोषणाको २३ औं बुँदामा "संवैधानिक व्यवस्थासहित आदिवासी जनजातिहरूको भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी छुट्टाछुट्टै प्रतिष्ठानहरूको स्थापना गर्नुपर्ने" विषय समेटिएको छ ।[11]अहिले अस्तित्वमा रहेको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान त्यही अध्ययन संस्थानको विकसित र परिमार्जित स्वरूप नै हो । आदिवासी जनजाति आयोगको माग आदिवासी जनजातिका लागि काम गर्ने संवैधानिक अंगको माग हो । यो संवैधानिक आरक्षणको तर्कमा आधारित माग हो । संवैधानिक आयोगले प्रतिष्ठानको तहमा आदिवासी जनजातिहरूको नीति र कार्यक्रम तर्जुमा गर्ने, प्रक्रियामा लैजाने र कार्यान्वयन गर्ने निकाय बन्न सक्दैनथ्यो । तैपनि यो माग अझै उठ्ने गरेको छ ।

आदिवासी जनजाति मन्त्रालयको माग सुरुदेखि अहिलेसम्म पनि उठ्ने गरेको छ । पछिल्लो पटक आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई नै मन्त्रालय बनाइयोस पनि भनिएको छ । मन्त्रालयको मागसँग आदिवासी जनजातिको नीति, कार्यक्रम र त्यसका लागि आवश्यक बजेट एकै द्वारबाट सञ्चालन हुनु पर्छ भन्ने मान्यतामा आधारित छ । छुट्टै विभागीय मन्त्रालय भए आदिवासी जनजातिको समग्र विकासमा बढ्तै जोड हुने थियो भन्ने मान्यतामा मन्त्रालयको माग गरिएको हो । माथिल्लो सदनलाई जातीय सभा बनाउने अवधारणा दुईओटा तर्कमा आधारित छ । पहिलो, आदिवासी जनजातिको प्रतिनिधित्व र दोस्रो, नीति निर्माणमा प्रत्यक्ष संलग्नता । हर्क गुरूङको भनाईमा जातीय सभाको परिकल्पना राजनीतिक दृष्टिकोणले पछि परेका समुदायको अस्तित्व कायम गर्नका लागि गरिएको हो । उनले भनेका छन् "एउटा सशक्त संस्था बनाउने हो भने हाल संसदको माथिल्लो सभालाई जातीय सभा बनाउनु पर्दछ । यस्तो केन्द्रिय निकायले मात्र नीतिगत निर्देशन र समन्वयको भूमिका निर्वाह गर्न सक्ने छ" ।[12]

२०६२/६३ को दोस्रो जनआन्दोलनपछि मुलुक विभिन्न नयाँ राजनीतिक मुद्धामा प्रवेश गरेको छ । यसमध्ये संघीयता पनि एक हो । महासंघ 'पहिचानसहितको संघीयता'को पक्षमा उभिएको छ । महासंघले 'पहिचानसहितको संघीयता'सँगै आत्मनिर्णयको अधिकार, स्वशासन र स्वायत्तताको माग गरेको छ । छिमेकी मुलुक चीनले 'अल्पसंख्यक जाति'का लागि 'क्षेत्रीय स्वयत्तता'को अभ्यास गरेको छ । चीनियाँ राज्यको एकिकृत नेतृत्वको अधीनमा यस्ता क्षेत्रीय स्वयत्तताको अभ्यास हुने गरेको छ । स्वशासनको

---

[10] विभिन्न दस्तावेजमा राष्ट्रिय योजना आयोगभित्र 'जनजाति विकास सेल' गठन गर्ने उल्लेख भए पनि यो छुट्टै संरचनाको माग नभएकाले यहाँ समावेश गरिएको छैन ।

[11]नेपाल आदिवासी जनजाति महासंघ, सन् २००४ पेज ७६

[12]गुरूङ,सन् २००४क

माध्यमद्वारा त्यहाँका अल्पसंख्यक जाति आफ्नो क्षेत्र र व्यवस्थापनको मालिक हुन सकेका छन् ।[43] महासंघले उठाएको पहिचानसहितको संघीयता चीनियाँ अभ्यासभन्दा बिल्कुल फरक हो । नेपालमा 'पहिचानसहितको संघीयता'ले आदिवासी जनजातिहरूको सबैखाले समस्याको समाधान एकैचोटी गर्नेछ भन्ने आदिवासी जनजाति अगुवाहरूको मत छ । यो सबैभन्दा कान्छो 'राज्य संयन्त्र'को माग हो ।

एकेडेमीको माग प्रज्ञा प्रतिष्ठानको स्वरूपलाई हेरेर गरिएको हो । विभिन्न संवैधानिक आयोगको आधारमा आदिवासी जनजाति आयोगको माग गरिएको हो । महिला, बालबालिका, युवा मन्त्रालय गठन भएको देखेर आदिवासी जनजाति मन्त्रालयको माग उठेको भन्ने बुझाइ पनि छ । यो आंशिक साँचो पनि हो । तर, यस्तो बुझाइमा आदिवासी जनजातिको समस्या मुखरित हुँदैन भन्ने तर्क पनि छ । त्यसैले प्रतिष्ठान र आयोगको माग सामाजिक-सांस्कृतिक समस्याकेन्द्रित हो भने मन्त्रालय, जातीयसभा र पहिचानसहितको संघीयता विशुद्ध राजनीतिक स्वरूपको माग हो ।

महासंघले विभिन्न चरणमा नेतृत्व गरेका व्यक्ति, मुलुकको राजनीतिक अवस्था र सहजतालाई हेरेर 'राज्य संयन्त्र'को माग गरिएको थियो । मागका दुईओटा आधार छन् । पहिलो, सामाजिक-सांस्कृतिक समस्याकेन्द्रित र, दोस्रो, राजनीतिक समस्याकेन्द्रित । महासंघकापाँचओटा भिन्ना-भिन्नै स्वरूप र स्वभावका मागमध्ये पहिलो माग (एकेडेमी) मात्रै पूरा भएको छ । यो मागमा राज्य तर्फबाट कसरी स्वीकृत वा ग्रहण गरियो भन्ने विषयमा तल छलफल गरिएको छ ।

**टेबुल २. महासंघको माग/दाबी तथा स्वीकृति**

| माग/दाबी | स्वीकृति (नीतिगत वा राजनीतिक) | विवरण वा व्याख्या |
|---|---|---|
| **अध्ययन संस्थान वा एकेडेमी** | १)जनजाति उत्थान प्रतिष्ठान कार्यदल<br>२)राष्ट्रिय जनजाति विकास समिति<br>३)आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | महासंघले स्थापनाकालदेखि उठाएको माग हो । यसलाई ख्याल गरेर तीनओटा उपकरण बनेका छन् । यी उपकरणले यो माग सम्बोधन गरेको देखिन्छ |
| **आदिवासी जनजाति मन्त्रालय** | सम्बोधनको कुनै प्रयास भएको छैन | यो मन्त्रालयमा आदिवासी जनजाति नै मन्त्री हुने व्यवस्था गर्न प्रस्ताव गरिएको |
| **जातीयसभा** | केही राजनीतिक दलले यो विषयलाई उठाए पनि राज्यको औपचारिक एजेण्डा बनेको छैन | माथिल्लो/राष्ट्रियसभालाई जातीय सभा बनाउने । आदिवासी जनजातिको प्रतिनिधित्व र नीति निर्माणमा प्रत्यक्ष संलग्नता लागि गरिएको प्रस्ताव |
| **आदिवासी जनजाति आयोग** | २०६४ साउन २२ गते नेपाल सरकारको 'आदिवासी जनजाति आयोग' गठन गर्ने प्रतिबद्धता आएको छ, तर आयोग बनेको छैन | संवैधानिक आयोग बनाउने र यसले न्यायिक निरूपणको काम गर्ने प्रस्ताव हो |
| **पहिचानसहितको संघीयता** | संघीयताप्रति अन्तरिम संविधान २०६३ ले प्रतिबद्धता जनाए पनि 'पहिचानसहितको संविधान' विवादित बनेको छ | आत्मनिर्णयको अधिकार, स्वशासन र स्वायत्तताको विषय पनि जोडिएको |

[43]चीनियाँ स्टेट काउन्सिलको सूचना कार्यालय, सन् १९९९

महासंघले गरेको 'राज्य संयन्त्र'को मागउपर सरकारको पहिलो प्रयास बजेट वक्तव्यमार्फत भएको थियो । आर्थिक वर्ष २०५२/५३ को बजेट वक्तव्यमा श्री ५ को सरकारको नीति तथा कार्यक्रममा जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्ने सम्बन्धमा उल्लेख छ :

> नेपालका विभिन्न भागमा छरिएर रहेका जनजातिहरूको उत्थान गर्न सरकार प्रतिबद्ध छ । विभिन्न जनजातिका भाषा, संस्कृति, रीतिरिवाज र परम्पराहरू राष्ट्रको अमूल्य नीधि भएकोले यिनीहरूको अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले एक **जनजाति उत्थान प्रतिष्ठान** स्थापना गरिने छ । प्रतिष्ठानको सहयोगमा जनजातिहरूको सामाजिक तथा आर्थिक उत्थान गर्न विशेष कार्यक्रमहरू समेत सञ्चालन गरिने छन् ।[44]

बजेट वक्तव्यको उपरोक्त अंशमा प्रस्तावित प्रतिष्ठानको सीमा र परिधिबारे पनि प्रष्ट उल्लेख गरिएको थियो । प्रतिष्ठानलाई प्राज्ञिक र विकासे दुवैखाले काम गर्ने संरचनामा उभ्याउन खोजिएको बुझिन्छ । त्यसपछि तत्कालिन श्री ५ को सरकारले मिति २०५२ पुस ३० गते 'जनजाति उत्थान प्रतिष्ठान कार्यदल' गठन गऱ्यो । 'जनजाति उत्थान प्रतिष्ठान कार्यदल' निर्माण, 'राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४' र 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' आदिवासी जनजातिका 'राज्य संयन्त्र'को मागलाई सम्बोधन गर्न बनेका राज्यका उपकरणहरू हुन् ।

*जनजाति उत्थान प्रतिष्ठान कार्यदल*

श्री ५ को सरकारले मिति २०५२ पुस ३० गते निर्णय गरेअनुसार तीन महिनाको कार्यकाल तोकेर सन्त बहादुर गुरूङको संयोजकत्वमा ६ सदस्यीय जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गऱ्यो । कार्यदलले प्रतिवेदन पेश गर्न केही ढिलाई भएकाले २०५३ वैशाख १६ गतेसम्म कार्यदलको कार्यअवधि १६ दिन थपिएको थियो ।[45] तत्कालिन सरकारले कार्यदललाई कामको कार्यक्षेत्र प्रष्टसँग तोकेको थियो । प्रस्तावित प्रतिष्ठान गठनको उद्देश्य "नेपालका जनजाति र पिछडिएको जातिहरूको इतिहास, धर्म, भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न तथा आर्थिक र सामाजिक उत्थान र सुधारको लागि संस्थागत विकासको आवश्यता देखिएकाले ..." भन्ने उल्लेख छ । कार्यदललाई प्रस्तावित प्रतिष्ठानको प्रारुप, ऐन र नियमावलीसमेत तयार गर्ने कार्यक्षेत्र तोकिएको थियो । कार्यदलले प्रतिष्ठानको प्रारुप तयार गर्दा सातओटा बुँदामा सीमित हुने पनि उल्लेख थियो ।

क) प्रतिष्ठानको उपयुक्त नाम
ख) प्रतिष्ठानको भूमिका
ग) प्रतिष्ठानको उद्देश्यहरू
घ) प्रतिष्ठानको कार्य
ङ) प्रतिष्ठानको कार्यक्षेत्र
च) प्रतिष्ठानको संगठनात्मक ढाँचा
छ) प्रतिष्ठानको आर्थिक श्रोत

कार्यदलले प्रस्तावित प्रतिष्ठानको नाम, स्वरूप र कार्यक्षेत्र निर्धारण गर्नुका साथै तीनओटा महत्वपूर्ण काम गरेको थियो । पहिलो, जनजातिको परिभाषा । दोस्रो, जनजातिहरूको पहिचान वा सूचीकरण । र, तेस्रो, प्रस्तावित प्रतिष्ठानको संगठनात्मक ढाँचा । कार्यदलले प्रस्ताव गरेको परिभाषा र संगठनात्मक ढाँचा सरकार/राज्यले आंशिक रूपमा स्वीकार गऱ्यो भने जनजातिको सूचीलाई जस्ताको तस्तै स्वीकार

[44]श्री ५ को सरकार, २०५२ पेज १७

[45]जनजाति उत्थान कार्यदलको मूल प्रतिवेदन, २०५३

गऱ्यो । कार्यदलले प्रस्तावित प्रतिष्ठानको नाम नेपालीमा 'राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान' र अंग्रेजीमा 'National Foundation for Upliftment of the Nationalities'हुने प्रस्ताव गरेको थियो ।

प्रस्तावित प्रतिष्ठानको लक्ष जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक विकास र उत्थान गर्न केन्द्रित छ । प्रतिष्ठानको उद्देश्य, काम, कर्तव्य र अधिकारलाई सातओटा क्षेत्रमा विकेन्द्रित गरिएको छ ।

क) संस्थागत विकास
ख) सामाजिक, सांस्कृतिक, प्राविधिक एवं आर्थिक श्रोत र अवसरहरूका उपलब्धता र विकास
ग) जनजाति सशक्तिकरण
घ) श्री ५ को सरकारलाई जनजातिसम्बन्धी नीति निर्माण, तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुऱ्याउने
ङ) विभिन्न सरकारी, गैह्र-सरकारी तथा निजी क्षेत्रका संघ, संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने
च) परामर्श सेवा
छ) सूचना व्यवस्थापन पद्धति

प्रतिष्ठानको उद्देश्य, काम, कर्तव्य र अधिकार क्षेत्रलाई हेर्दा प्रतिष्ठान प्राज्ञिक र विकासे दुई प्रकारको काम गर्ने संरचना बन्ने देखिन्छ ।

यो कार्यदलको निर्माण र यसको कार्य सफल हुनमा कार्यदलका सदस्यका साथै तत्कालिन स्थानीय विकास मन्त्री कमल थापाको सक्रियता र अग्रसरताको मुख्य हात थियो । कमल थापाले कार्यदल गठनदेखि कार्यदलको समयअवधि थप्ने र प्रतिवेदनको कार्यान्वयनसमेतमा सकारात्मक प्रयास गरेका थिए ।[lii]कार्यदलका सदस्य-सचिव रविन्द्रनाथ अधिकारी राज्यको प्रतिनिधि थिए् । उनको भूमिकालाई कृष्ण भट्टचनले 'लिबरल' भनेका थिए ।[liii] यो प्रतिवेदन तयारीको क्रममा मन्त्रालयले पनि विभिन्न विषयविज्ञसँग परामर्श गरेको थियो । केही कर्मचारीहरू सकारात्मक नभए पनि डाकिएका केही विज्ञ, महासंघ र राजनीतिक नेताहरूले कार्यान्वयन गर्न दबाब दिए ।[liv] र, कार्यदलले प्रतिवेदन २०५३ बैशाखमा तत्कालिन श्री ५ को सरकारलाई पेश गरको १४ महिनापछि २०५४ असारमा मात्रै 'राष्ट्रिय जनजाति विकास समिति' गठन आदेशमार्फत बन्यो ।

*राष्ट्रिय जनजाति विकास समिति*

राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश २०५४, स्थानीय विकास मन्त्रालयको सूचनाको रूपमा *नेपाल राजपत्र*मा २०५४ असार २३ गते प्रकाशित भयो । गठन आदेश १७ दफामा संरचित छ । गठन आदेश स्वयम्मा राज्यले जनजातिको 'राज्य संयन्त्र'को मागलाई सम्बोधन गरेको पहिलो 'उपकरण' थियो । 'जनजाति'को परिभाषा र अनुसूचीमा राखिएका ६१ 'जनजाति'को सूचीलाई राज्यले स्वीकार गर्नु गठन आदेशको महत्वपूर्ण पक्ष हो । यी दुई परिभाषा र 'जनजाति'को सूचीले नेपालमा आदिवासी जनजाति छन् र त्यसमा ६१ समुदाय पर्दछन् भन्ने निक्यौल गरेको छ । विकास समिति आदिवासी जनजाति आन्दोलनको उपलब्धी व्यवस्थित गर्ने प्रवेश द्वार थियो ।

राष्ट्रिय जनजाति विकास समिति गठन भएपछि यसमा गरिएको परिभाषा र जनजातिको सूचीलाई लिएर केही विवाद भएको थियो । परिभाषामा नेवारहरूले असन्तुष्टि जनाए र जनजाति सूचीमा त्रुटिगत आधार अपनाइएको भन्ने विवाद थियो । सूचीकृत जातिमध्ये भोटका १३ र थाकखोलाका ४ समूह

[lii]कार्यदलका सदस्य-सचिव रविन्द्रनाथ अधिकारी र कृष्ण भट्टचनसँग क्रमश: २०७० भदौ २६ र असोज २ गते काठमाडौंमा गरिएको कुराकानी

[liii]कृष्ण भट्टचनसँग २०७० असोज २ गते काठमाडौंमा गरिएको कुराकानी

[liv]रविन्द्रनाथ अधिकारीसँग २०७० भदौ २६ गते काठमाडौंमा गरिएको कुराकानी

जातीगत नभई भाषिक तथा बस्तीअनुसारको नाम हो भन्ने तर्क थियो । हिन्दू नेवारहरूले नेवार जातिलाई अशिक्षित र आर्थिक विपन्न जनजाति समूहमा समावेश गर्न नमिल्ने तर्क गरेका थिए ।[49]विवादले जनजातिको सूचीलाई परिमार्जन गर्न सहयोग पुग्यो । यो सूचीलाई आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनले संशोधन गरी ५९ आदिवासी जनजाति कायम गरेको छ ।[50]

विकास समिति गठनसम्बन्धमा दफा ३(१) मा व्यवस्था गरिएको छ । यसले "जनजातिहरूको आर्थिक, सामाजिक लगायत विभिन्न पक्षको विकास गर्न राष्ट्रिय जनजाति विकास समिति नामको एउटा समिति गठन हुनेछ" भनेर उद्देश्य निर्दिष्ट गरेको छ । विकास समितिको अध्यक्षमा स्थानीय विकास मन्त्री वा राज्यमन्त्री रहने व्यवस्था छ । विकास समितिको दैनिक कार्यसञ्चालन गर्ने प्रशासकीय प्रमुख कार्यकारी निर्देशक हुने व्यवस्था छ । कार्यकारी निर्देशक तत्कालिन श्री ५ को सरकारले नियुक्त गर्ने व्यवस्था छ । विभिन्न क्षेत्रका प्रतिनिधिहरू सदस्य रहने वा जनजातिका प्रतिनिधित्व बढीभन्दा बढी हुने व्यवस्था गरिएको भए पनि समितिको अध्यक्ष र कार्यकारी निर्देशक राजनीतिक प्रक्रियाबाट आउने भएकाले समितिको प्रभावकारितामा प्रश्न गर्ने ठाउँ थियो ।

विकास समितिको दफा ४ मा समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरिएको छ । समितिलाई १२ ओटा काम, कर्तव्य र अधिकार तोकिएको छ । समितिको काम, कर्तव्य र अधिकार मूलतः तीन स्वभावका छन् । पहिलो, विकासे काम । दोस्रो, प्राज्ञिक काम । तेस्रो, कार्यालय व्यवस्थापनको काम । विकासे कार्यअन्तर्गत आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासँग सहयोग प्राप्त गर्न प्रयास गर्ने, संस्थागत समन्वय विस्तार गर्ने, जनजातिका संघ/संस्थालाई वित्तिय र प्राविधिक सहायता उपलब्ध गराउने, छात्रवृत्ति उपलब्ध गराउन प्रयत्न गर्ने, जनजातिको विकासका लागि गोष्ठी, तालिम र सेमिनारहरू सञ्चालन गर्ने, क्षमता वृद्धि र दिगो विकासका लागि आय-आर्जन लगायत सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्ने आदि छन् । प्राज्ञिक कामअन्तर्गत जनजातिहरूको आर्थिक तथा सामाजिक पक्षको विकाससम्बन्धी अध्ययन, अनुसन्धान गर्नुका साथै तत्सम्बन्धी पुस्तक, लेख आदि प्रकाशन गर्ने, जनजातिसम्बन्धी विज्ञ परामर्श सेवा प्रदान गर्ने आदि छन् । र, कार्यालय व्यवस्थापनमा कर्मचारीको नियुक्ति लगायतका काम गर्ने व्यवस्था गरिएको छ ।

विकास समितिको बैठकले २०५५ मंसिर ११ गते केही महत्वपूर्ण निर्णयहरू गरेको छ । निर्णयमा "आदिवासी/जनजातिहरूको उत्थान एवं हक, हितको संरक्षण गर्न र उनीहरूको धार्मिक तथा सांस्कृतिक पहिचानलाई सबल तुल्याउन ..." भनिएको छ ।[51] बैठकले सातओटा निर्णयहरू गरेको छ । प्रोफाइल तयार गर्ने, पाठ्यपुस्तकमा संशोधन गराउने, जनजातिको पुनरुत्थान, 'पेटेण्ट राइट' कायम गराउने, महासन्धिको कार्यान्वयन गराउने, सांस्कृतिक परियोजनामा सहयोग, नीति र प्रक्रियाको निर्धारण गर्ने आदि निर्णय गरेको थियो । नीति र प्रक्रियाको निर्धारणअन्तर्गत जनजातिका उत्थान र विकासमा अवलम्बन गर्ने नीति र प्रक्रिया, समितिको अनुदान नीति, अध्ययन अनुसन्धान परियोजनासम्बन्धी नीति एवं भाषा, लिपी र साहित्यको संरक्षण सम्वर्द्धन नीतिबारे निर्णय गरिएको छ ।[52]त्यस्तै गरेर समितिले जनजाति विकासका लागि अध्ययन, अनुसन्धान, विचार गोष्ठी, अन्तरक्रिया, जनजातिका संघ/संगठनको पूर्वाधार विकास, आय-आर्जन, भाषा, संस्कृति आदिको संरक्षण र सम्बर्द्धनका लागि सक्रिय रूपमा

---

[49]गुरूङ, सन् २००४क

[50] सूचीमा परेका चिमतन्, ठिमतन्, स्यांगतन्लाई तीनगाउँले बनाइयो, मनाङ्गेलाई सूचीबाट हटाइयो र याख्यालाई थप गरियो ।

[51]राष्ट्रिय जनजाति विकास समिति, २०५६ पेज १००

[52]राष्ट्रिय जनजाति विकास समिति, २०५६

सहयोग पुऱ्याएको छ ।[53] यी निर्णय र कार्यहरूले समिति प्राज्ञिक र विकासे दुई किसिमको काम गर्ने संरचना थियो भन्ने पुष्टि हुन्छ ।

विकास समिति आदिवासी जनजातिको माग पनि होइन । यसको संगठनात्मक स्वरूप वृहत्तर क्षेत्र समेट्ने पनि थिएन र कार्यक्षेत्र चाही सीमित थियो । राज्यले प्रतिष्ठान बनाउन कार्यदल गठन गरेर प्रस्तावित प्रतिष्ठानसम्बन्धी प्रतिवेदन पनि प्राप्त गरेको थियो । तैपनि किन विकास समिति मात्रै गठन गऱ्यो ? भन्ने प्रश्न पनि छ । कार्यदलले आफ्नो प्रतिवेदनको सातौं परिच्छेदमा ऐन मस्यौदाको आधार र विशेषता प्रस्ताव गरेको थियो । तर, प्रतिष्ठान गठनका लागि ऐन थिएन । ऐनको मस्यौदामा काम गर्ने निकाय वा इकाई आवश्यक थियो, यसैलाई ध्यानमा राखेर विकास समिति गठन भएको भन्ने तर्क पनि छ ।[54]

महासंघ वा आदिवासी जनजाति समुदायले पनि विकास समितिलाई आ-आफ्ना तर्कका आधारमा स्वीकार गरेका थिए । कार्यदलका सदस्य रहेका कृष्ण भट्टचनले विकास समिति बन्नुलाई स्वाभाविक ठाने । 'सियो भएर छिर्ने ...' रणनीति बनाएका थियौ भन्ने उनको तर्क थियो । हामीले जे आउँछ त्यसलाई स्वीकार गरेर अगाडि बढ्नु पर्थ्यो, त्यसैले विकास समितिलाई स्वीकार गरियो ।[55]चैतन्य सुब्बाका अनुसार दुई कारणले विकास समिति गठन भएको थियो । पहिलो, कार्यदलले प्रतिवेदन पेश गरेपछि सरकारले बजेट व्यवस्था गरेको थियो । दोस्रो, कार्यदलको प्रतिवेदनमा प्रस्तावित ऐन प्राविधिक दृष्टिले उपयुक्त थिएन ।[56] सुब्बाको पहिलो तर्कमा केही प्राविधिक सच्चाई देखिन्छ । सरकारले आर्थिक वर्षको अन्ततिर (असार २३) विकास समिति गठन आदेशमार्फत सार्वजनिक गरेको छ । विकास समितिमार्फत नै प्रतिष्ठान ऐनको मस्यौदा र संसदमा पेश हुने विधेयकको काम भएको थियो भनेर चैतन्य सुब्बाले दाबी गरेका छन् । विकास समिति प्रतिष्ठानसम्म पुग्ने पुल चाही थियो नै ।

*आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान*

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ र यसले प्रस्ताव गरेको प्रतिष्ठान आदिवासी जनजातिको माग सम्बोधन गर्ने तेस्रो 'उपकरण' हो । यसअघि जनजाति उत्थान प्रतिष्ठान कार्यदल र राष्ट्रिय जनजाति विकास समिति दुईओटा 'उपरकरण' राज्यले व्यवस्था गरेको थियो । प्रतिष्ठान आदिवासी जनजातिको मागलाई सम्बोधन गर्न राज्यले बनाएको सबभन्दा पछिल्लो 'राज्य संयन्त्र' हो । आदिवासी जनजाति महासंघले राज्यसँग पाँच प्रकारका 'राज्य संयन्त्र'को माग गरेको छ र त्यसमा सबैभन्दा पुरानो माग अध्ययन संस्थान वा एकेडेमी बनाउने थियो । प्रतिष्ठान त्यही अध्ययन संस्थान वा एकेडेमीको स्वभाव र स्वरूपमा संरचित छ । अथवा महासंघले विभिन्न समयमा भिन्न-भिन्न 'राज्य संयन्त्र'को माग गरे पनि राज्यले सबैभन्दा पहिलो मागलाई मात्र पूरा गरेको छ ।

प्रतिष्ठान ऐनको प्रस्तावनामा "... नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवम् राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले ..." भन्ने वाक्यांश परेको छ । विकास समितिले 'आर्थिक र सामाजिक विकास'को विषयलाई उठाएको थियो भने

[53]गुरूङ,२०५७

[54]रविन्द्रनाथ अधिकारीसँग २०७० भदौ २६ गते काठमाडौंमा गरिएको कुराकानी

[55]कृष्ण भट्टचनसँग २०७० असोज २ गते काठमाडौंमा गरिएको कुराकानी

[56]चैतन्य सुब्बासँग २०७० भदौ १७ गते काठमाडौंमा गरिएको कुराकानी

प्रतिष्ठान ऐनले आर्थिक, सामाजिक र सांस्कृतिक विकास र उत्थानमा जोड दिएको छ । राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको विषय राज्य सञ्चालनको अवधारणाभन्दा फरक हो । त्यसैले प्रतिष्ठानको गठन आदिवासी जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक विकास र उत्थानको लागि हो, राजनीतिक प्रतिनिधित्व वा अधिकारका लागि यसले काम गर्दैन ।

ऐनमा केही दीर्घकालीन महत्वका विषयहरू परेका छन् । पहिलो, 'आदिवासी' र 'जनजाति' शब्दलाई पर्यायवाची रूपमा प्रयोग गरिएको छ । दोस्रो, 'आदिवासी/जनजाति'को परिभाषाले मौलिकतासहितको भिन्न पहिचान भएका समूह भनेर परिभाषित गरेको छ, तर 'हिन्दू वर्णाश्रम'को विषयमा ऐन चुप छ । तेस्रो, प्रतिष्ठानको अध्यक्ष प्रधानमन्त्री हुने व्यवस्था छ । चौथौ, प्रतिष्ठानले कुनै विदेशी सरकार वा संघ/संस्थाबाट ऋण लिँदा नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ भने चन्दा, सहायता, अनुदान वा अन्य कुनै रकम लिन पूर्व जानकारी गराए हुने व्यवस्था छ । पाँचौ, आदिवासी जनजातिको संशोधित सूची । ऐनमार्फत आदिवासी जनजाति समुदायको मागले वैधानिकता प्राप्त गरेको छ । यसलाई महासंघ र आदिवासी जनजाति समुदायले महत्वपूर्ण रूपमा लिने गरेको छ ।

ऐनमा प्रतिष्ठानका उद्देश्यलाई पाँचओटा बुँदामा व्यवस्था गरिएको छ । बालकृष्ण माबुहाङले प्रतिष्ठानको उद्देश्यबारे "प्रतिष्ठानको उद्देश्यहरू समग्रमा नियाल्ने हो भने आदिवासी जनजाति आन्दोलनले बोकेको भावनाहरू प्रतिविम्वित भएको पाउन सकिन्छ" भनेर उल्लेख गरेका छन् ।[57] प्रतिष्ठानका उद्देश्यहरू :

क) आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्ने,

ख) आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने,

ग) आदिवासी/जनजातिको परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने,

घ) विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्बन्ध, सद्भाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

ङ) आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।[58]

प्रस्तावित उद्देश्यले देशको विकास भए आदिवासी जनजातिको पनि विकास हुन्छ भन्ने विकासको 'होलिस्टिक एप्रोच'को माध्यमबाट समुदायकेन्द्रित नीति र कार्यक्रम सञ्चालन गर्ने विषयलाई राज्यले अनुशरण गर्नु पर्छ भन्ने आग्रह राखेको बुझिन्छ ।

ऐनको मस्यौदा गर्ने क्रममा भएको विवादलाई चैतन्य सुब्बाले कार्यपत्रमार्फत सार्वजनिक गरेका थिए । उनले संस्थागत व्यवस्थाको छलफलमा हुने विवादलाई पाँचओटा बुँदामा राखेका छन् । क) लक्षित समूह, ख) कार्यक्षेत्र र अधिकार सम्पन्नता (उद्देश्य तथा काम, कर्तव्य र अधिकार), ग) संरचना (सञ्चालक परिषद र कार्यकारिणी समिति), घ) स्वायत्तता र ङ) साधन सम्पन्नता । यसमा पनि स्वायत्तताको विषय सबैभन्दा महत्वपूर्ण हो ।[59] सुब्बाले संसदमा प्रस्तुत जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

[57] माबुहाङ, २०६१, पेज ३६

[58] आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, पेज २

[59] सुब्बा, २०६०

व्यवस्था गर्न बनेको विधेयकमा केही विवादस्पद बुँदा रहेको औंल्याउदै १७ बुँदामा असहमति जनाएका छन् । यसमा परिभाषाको विषय, उपाध्यक्षको नियुक्ति कसले गर्ने, प्रतिष्ठानको कोष आदि विषय छन् । उनले विधेयकमा भएको व्यवस्थाप्रति कडा टिप्पणी गर्दै यो जनजातिलाई झुक्याउने प्रपञ्च भनेका छन् । प्रतिष्ठान ऐन संसदमा विधेयकको रूपमा रहँदा पनि महासंघ र अन्य आदिवासी जनजातिहरूले यसमा प्रशस्त छलफल गरेको देखिन्छ । तर, सार्थक निष्कर्ष दिन भने सकेन ।

ऐनको दफा ७ मा सञ्चालक परिषद्को गठनको व्यवस्था गरिएको छ । दफा ७(ठ) मा गरिएको व्यवस्थाले राज्यको चरित्रलाई प्रष्ट गर्दछ । यो उपदफामा "आदिवासी/जनजाति महासंघमा आबद्ध भएका अनुसूचीमा उल्लिखित आदिवासी/जनजातिका संघ संस्थाहरूमध्ये आदिवासी/जनजाति महासंघको सिफारिसमा प्रत्येक आदिवासी/जनजातिबाट एक एकजना पर्ने गरी र आदिवासी/जनजाति महासंघमा आबद्ध नभएका आदिवासी/जनजातिहरू भएमा त्यस्ता आदिवासी/जनजातिहरूबाट एक एकजना पर्ने गरी सह-अध्यक्षबाट मनोनीत व्यक्तिहरू ..." भन्ने व्यवस्था गरिएको छ । तर, त्यतिबेला नेपालमा आदिवासी/जनजाति महासंघ नामको कुनै संस्था नै थिएन । ऐनको व्यवस्थाअनुसार नेपाल जनजाति महासंघको कुनै भूमिका नहुने भयो । यही शुन्यतालाई उपयोग गर्दै राजनीतिमा रमाईरहेका केही आदिवासी जनजाति अगुवाहरूले 'नेपाल आदिवासी/जनजाति राष्ट्रिय महासंघ' नामको अर्को महासंघ बनाउने दौडधूप पनि गरे । अन्ततः उनीहरूले आदिवासी जनजाति संघ/संस्था जुटाउन नसकेर यो प्रक्रियालाई छाडिदिए । र, नेपाल जनजाति महासंघले छैटौ महाधिवेशन २०६३ मा नाम परिवर्तन गरी 'नेपाल आदिवासी/जनजाति महासंघ' बनाए । राज्यले नीति र कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने मात्र नभई नीति र कार्यक्रममार्फत प्रशस्त चलखेल गर्ने रहेछ भन्ने यो एउटा उदाहरण हो ।

ऐनमार्फत थुप्रै सकारात्मक र केही अस्वाभाविक चलखेलको प्रयास भए पनि यसलाई आदिवासी जनजातिहरूले उपलब्धी नै ठानेका छन् । ऐनको समग्रतालाई बालकृष्ण माबुहाङले सकारात्मक ठानेका छन् :

> यो ऐन निर्माणमा आदिवासीहरूले आफ्नो बारेमा आफैले निर्णय निरूपण गर्न पाउने उनीहरूको आत्मनिर्णयको अधिकारको पूरापूर उपयोग भएको होइन । राज्यको दिएको पहिचानलाई अस्वीकार गर्ने व्यक्ति वा समूह नभएको होइन । यद्यपि कुनै न कुनै दलमा रही प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गरेका जनजातिले पुनःस्थापित बहुदलीय प्रजातन्त्रको व्यवस्थापिकाले बनाएको, अपूर्ण नै किन नहोस्, एउटा वैधानिक र सकारात्मक पहिचानको रूपमा लिए । यो एउटा ऐतिहासिक फड्को थियो ।[60]

अहिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान आदिवासी जनजातिको एक मात्र वैधानिक 'राज्य संयन्त्र' हो । यसलाई ऐनले प्राज्ञिक र विकासे कार्यको दोहोरो भूमिकामा बाँधेको छ । प्राज्ञिक क्रियाकलाप धेरै कम भए पनि विकासे गतिविधि चाही गरिरहेको छ ।

नेपालको आदिवासी जनजाति आन्दोलनले २०४६ सालको राजनीतिक परिवर्तनपछि आकार ग्रहण गरेको हो । नेपालमा जस्तै ल्याटिन अमेरिकी देशहरूमा पनि सन् १९८० को दशकमा आएको राजनीतिक उदारीकरणले जातिय पहिचान, माग र द्वन्द्वका लागि सार्वजनिक अभिव्यक्तिको स्थान मिलेको थियो । इक्वेडर, बोलिभिया, ग्वाटेमाला र मेक्सिकोमा आदिवासीहरूले लोकतान्त्रिक व्यवस्थामा प्राप्त हुने नागरिकको व्यक्तिगत अधिकार तथा आदिवासी समुदायको जमिन र स्थानिय शासनमा हुने अधिकार दुवैको माग राखेका थिए । र, त्यहाँ ग्रामिण विकास नीतिलाई पुनर्निर्माण तथा राजनीतिक रूपमै

[60]माबुहाङ, २०७०

सांस्कृतिक अन्तरघुलनको नीति प्रवर्द्धन गरेर आदिवासीकेन्द्रित मागलाई दुई तरिकाले सम्बोधन गरिएको थियो । जमिनसँग पुनर्वितरण, अधिकार र क्षेत्रीय स्वायत्तताको विषय पनि जोडिएको हुन्छ ।[61]

[61]यासर सन् १९९८

**निष्कर्ष**

नेपालमा आदिवासी जनजाति आन्दोलनको नेतृत्व नेपाल आदिवासी/जनजाति महासंघले गरिरहेको छ । महासंघले पछिल्लो चरणमा राजनीतिक स्वरूपको माग र दाबी गरिरहेको भए पनि यो विशुद्ध सामाजिक र सांस्कृतिक गतिविधिका लागि गठन गरिएको संस्था हो । महासंघको सैद्धान्तिक आधार उपेक्षा र शोषणविरूद्धको अभियान नै हो । आदिवासी जनजातिको परिभाषामा अहिले पनि राज्यसँग 'हिन्दू वर्णाश्रम'को विषयलाई लिएर एकरूपता छैन । तर, महासंघले गरेको आन्दोलन 'समता' र 'सामाजिक न्याय' अवधारणामा आधारित छ । 'समता' र 'सामाजिक न्याय'को स्थापना गर्ने उद्देश्य राखेर महासंघले 'राज्य संयन्त्र'को माग/दाबी गरेको हो । महासंघले आफ्नो इतिहासमा पाँचओटा भिन्ना-भिन्नै स्वरूप र स्वभावका 'राज्य संयन्त्र'को माग गरेको छ । पहिलो, अध्ययन संस्थान वा एकेडेमी । दोस्रो, आदिवासी जनजाति आयोग । तेस्रो, आदिवासी जनजाति मन्त्रालय । चौथो, जातीयसभा (माथिल्लो सदन/राष्ट्रियसभालाई जातीयसभा बनाउने) । र, पाँचौ, पहिचानसहितको संघीयता । यी सबै फरक-फरक अवस्थामा फरक-फरक सैद्धान्तिक तर्कमा आधारित मागहरू हुन् । यी सबै साध्य होइनन्, साधन मात्रै हुन् । महासंघको माग/दाबीमा कुनै अडान देखिदैन । महासंघको नेतृत्वमुलुकमा विद्यमान राजनीतिक धारले प्रभावित हुने गरेको थियो र यसले महासंघका मागहरू फरक-फरक भएका हुन् ।

महासंघले गरेको 'राज्य संयन्त्र'को मागलाई राज्यले सम्बोधन गर्न तीनओटा 'उपकरण' ल्याएको थियो । पहिलो, जनजाति उत्थान प्रतिष्ठान कार्यदलको गठन; दोस्रो, राष्ट्रिय जनजाति विकास समिति गठन र, तेस्रो, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको गठन । यी तीन 'उपकरण'ले महासंघको पहिलो माग 'अध्ययन संस्थान वा एकेडेमी' मात्र सम्बोधन भएको छ । प्रकारान्तरले तीनै 'उपकरण' एउटा 'संयन्त्र'को निर्माण गर्नका लागि नै थियो । यसले आदिवासी जनजातिको परिभाषा र सूचीकरण गरेर आदिवासी जनजातिलाई कानुनी मान्यता दिलाएको छ । प्रतिष्ठान प्राज्ञिक र विकासे काम गर्ने दोहोरो चरित्रको 'संयन्त्र' हो । बहुचर्चित २० बुँदे सहमतिले आदिवासी जनजाति आयोग बनाउने भने पनि कार्यान्वयन भएको छैन । बाँकी मागको विषयमा राज्यको तहमा कुनै प्रतिबद्धता आएको छैन । त्यसैले चारओटा 'राज्य संयन्त्र'को माग अझै पूरा हुन सकेको छैन ।

**सुझाव**

यो अध्ययनको आधारमा राज्यले निर्वाह गर्न सक्ने भूमिकालाई ख्याल गरेर दुईओटा सन्दर्भमा सुझावप्रस्ताव गर्न सकिन्छ । पहिलो सन्दर्भ संविधान निर्माणको अवधि हो । नेपाल यतिबेला नयाँ संविधान बनाउने प्रक्रियामा नै छ । संविधान सबैभन्दा महत्वपूर्ण नीतिगत दस्तावेज भएकोले संविधानमार्फत आदिवासी जनजातिका 'राज्य संयन्त्र'को माग पनि सम्बोधन गर्न सकिन्छ । ल्याटिन अमेरिकी देशहरूमा नीतिगत हस्तक्षेप वा सुधारको माध्यमले आदिवासीहरूको मागको सम्बोधन गरिएको थियो । नेपालमा आदिवासी जनजाति महासंघले माग गरेका सामाजिक-सांस्कृतिक स्वरूपको संयन्त्र विद्यमान छ त्यसैले राजनीतिक स्वरूपका 'राज्य संयन्त्र'को निर्माण गरेर सामाजिक न्यायको प्रत्याभूति गर्न सकिन्छ । अन्तरिम संविधान २०६३ ले मुलुक संघीय हुने निश्चित गरेकाले नीति निर्माण र त्यसको कार्यान्वयन गर्ने दुईओटा 'राज्य संयन्त्र' संघ र प्रदेश दुई तहमा निर्माण गर्न सकिन्छ । संघीय तहमा बन्ने दुईओटा सभामध्ये 'माथिल्लो सभा'लाई जातीयसभा बनाउने र प्रदेशमा सबै सामाजिक समूहलाई सम्बोधन गर्ने मन्त्रालयको निर्माण गरेर महासंघमार्फत गरिएका राजनीतिक स्वरूपको मागलाई व्यवस्थापन गर्न सकिने अवसर नेपाली राजनीतिमा विद्यमान छ । यसो गर्दा पछिल्लो चरणमा तातो बनेको पहिचानसहितको संघीयताको मागलाई सैद्धान्तिक र महासंघले उठाउदै आएको 'राज्य संयन्त्र'को माग/दाबीको व्यवहारिक सम्बोधन एकैचोटी हुन सक्दछ ।

दोस्रो सन्दर्भ संविधान निर्माणपछिको अवधि हो । यो अवधिमा मोटामोटी तीनओटा काम गर्न सकिन्छ । पहिलो काम, ऐन र कानुनमा सुधार । दोस्रो काम, संरचनात्मक सुधार । र, तेस्रो काम, वर्तमान प्रतिष्ठान र राज्यबीच सम्बन्धको प्रष्टता । यी तीनै कामबारे राज्य र आदिवासीबीच संयुक्त वा एक्लाएक्लै कुनै पनि ढंगको छलफल आजदेखि नै गर्न आवश्यक छ ।

क) ऐन कानुनमा सुधार : नयाँ संविधानको मर्मअनुसार प्रचलित ऐन कानुनमा पनि सुधार वा परिमार्जन वा परिवर्तन हुने नै छ । यस्तो अवस्थामा प्रतिष्ठान ऐन २०५८ मा पनि सुधार गर्नु पर्ने भएमा त्यस्तो अवसरको सदुपयोग गरेर प्रतिष्ठानको स्वरूपलाई कार्यकारी वा प्राज्ञिक निकायको रूपमा मात्रै उभ्याउन पनि सकिन्छ । तर, प्रतिष्ठान कस्तो निकाय बनाउने भन्ने विषयमा व्यापक छलफल आवश्यक हुन्छ । यद्यपि, प्रतिष्ठानलाई प्राज्ञिक केन्द्र बनाउन सकिन्छ । किन कि नयाँ संविधानले आदिवासीका लागि नयाँ कार्यकारी निकायको निर्माण गर्ने अवसर बाँकी नै छ ।

ख) संरचनात्मक सुधार : नयाँ संविधानले मुलुक संघीयतामा जाने प्रष्ट भएको खण्डमा केन्द्रीकृत निकायका प्रादेशिक संरचनाहरू पनि निर्माण हुनेछन् । उदाहरणका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान संघ र प्रदेश दुवै ठाउँमा रहने व्यवस्था भएमा प्रतिष्ठानको वर्तमान स्वरूपमा सुधार वा परिवर्तन गर्न सकिन्छ । यस्तो अवस्थामा केन्द्रलाई प्राज्ञिक र प्रादेशिक निकायलाई कार्यकारी भूमिका दिने विषयमा छलफल सुरु हुनु पर्दछ ।

ग) वर्तमान प्रतिष्ठान र राज्यबीच सम्बन्धको प्रष्टता : वर्तमान ऐनले स्थानीय विकास मन्त्रालयलाई सम्पर्क मन्त्रालय तोकेको छ । भोलि देश संघीयतामा गएपछि केन्द्र र प्रदेशमा सम्पर्क मन्त्रालय वा निकाय कुन हुने भन्ने विषयमा सोचिएको छैन । तर, कुन वा कस्तो स्वभावको मन्त्रालय वा निकायले आदिवासी जनजातिहरूको विषयलाई राज्यसँग जोड्न सक्छ भनेर छलफल आवश्यक भएको छ ।

आदिवासी जनजाति महासंघले 'राज्य संयन्त्र'को निर्माणका लागि आजसम्म निर्वाह गरेको भूमिका, नेतृत्व र कार्यक्रमका आधारमा महासंघको भावी भूमिकासम्बन्धी दुईओटा सुझाव प्रस्तुत गरिएको छ ।

क) महासंघले 'राज्य संयन्त्र' निर्माणका पाँचओटा माग/दाबी गरेको भए पनि यी एकअर्कामा कसरी समन्वित हुन्छन् भन्नेबारे कुनै प्रष्टता छैन । यी सबै आवश्यक छन् या कुन 'राज्य संयन्त्र' नभई नहुने हो । यी 'राज्य संयन्त्र'हरू सबै केन्द्र वा संघमा बन्ने हुन् या प्रदेशमा पनि आवश्यक हुन्छ ? कुन 'राज्य संयन्त्र' केन्द्रमा रहने र कुन चाहीँ प्रदेशमा आवश्यक छ भन्ने विषयमा महासंघ प्रष्टसँग उभिन सक्नु पर्दछ । किन कि संविधान निर्माणको क्रममा नै यो विषयलाई टुङ्ग्याउनु वा व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

ख) देश संघीयतामा जाने निश्चित भईसक्दा पनि प्रादेशिक तहमा आदिवासी जनजातिका लागि कस्तो 'राज्य संयन्त्र' आवश्यक हुन्छ भन्ने तय गरेको छैन । महासंघले 'प्रादेशिक संयन्त्र'को स्वरूप र त्यसको अवधारणा सार्वजनिक गर्नु पर्दछ ।

## सन्दर्भ सामग्री


अन्तरराष्ट्रिय आदिवासी वर्ष १९९३, राष्ट्रिय समिति-नेपाल । सन् १९९३ । *नेपालको आदिवासीसम्बन्धी राष्ट्रिय कार्यपत्र*। सुनसरी : अन्तरराष्ट्रिय आदिवासी वर्ष १९९३ नेपाल, समन्वय समिति (सुनसरी, मोरङ्ग, झापा) ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान । २०६१ ।

गुरूङ, ओम । २०५७ । नेपाल जनजाति महासंघ र श्री ५ को सरकारले गरेका जनजाति विकासको समीक्षा । *जनजाति* २(२) : १०-१८ ।

गुरूङ, हर्क । सन् २००४क । जनजातिका समस्या तथा समाधानका उपाय । *जनजाति सेरोफेरो*। ५०-५९ । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ ।

गुरूङ, हर्क । सन् २००४ख । राष्ट्रियता र जनजाति ।*जनजाति सेरोफेरो*। १२१-१४८ । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ ।

गुरूङ, हर्क । २०६५ । *बहिष्करणदेखि समावेशीकरणसम्म: नेपालका लागि सामाजिक-राजनीतिक एजेन्डा*। काठमाडौं : सामाजिक समावेशीकरण अनुसन्धान कोष ।

जनजाति उत्थान कार्यदलको मूल प्रतिवेदन । २०५३ । अप्रकाशित ।

नेपाल सरकार । २०६३ । *आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८*। काठमाडौं : नेपाल सरकार, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

नेपाल सरकार, नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिबीच २०६४ साउन २२ गते ललितपुरको गोदावरीमा भएको लिखित सहमति ।

नेपाल आदिवासी जनजाति महासंघ । सन् २००४ । काठमाडौं घोषणापत्र विश्व आदिवासी दिवस-२०६१ (विश्व आदिवासी दिवस-२०६१ को सन्दर्भमा काठमाडौंमा जारी घोषणापत्र) । *विश्व आदिवासी दिवस-२००४ विशेषाङ्क*। ओम गुरूङ, इन्द्र तामाङ र भक्त योञ्जन, सं., पेज ७५-७७ । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ ।

नेपाल आदिवासी जनजाति महासंघ । २०७० । नेपाल आदिवासी जनजाति महासंघको दोस्रो राष्ट्रिय भेलाको घोषणापत्र ।

नेपाल आदिवासी जनजाति महासंघ । २०६३ । *नेपाल आदिवासी/जनजाति महासंघको विधान २०४७-२०५३ (छैटौं महाधिवेशन २०६३ द्वारा संशोधित*। काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ ।

भुसाल, लेखनाथ (सं/स) । नेपाल अधिराज्यको संविधान २०४७ । *नेपाल अधिराज्यका संविधानहरूको संगालो*। पेज १७३-२३१ । काठमाडौं : कमला भुसाल ।

माबुहाङ, बालकृष्ण । २०६१ । आदिवासी जनजाति आन्दोलनमा विश्व आदिवासी दशक : सन् १९९५-२००४ उपलब्धी, समस्या र चुनौतीहरू । *विश्व आदिवासी दशक : उपलब्धि, समस्या र समाधानका उपायहरू*। ललितपुर : आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

माबुहाङ, बालकृष्ण । २०७० । को हुन् आदिवासी ? *कान्तिपुर,* ११ भदौ, पेज७ ।

राष्ट्रिय जनजाति विकास समिति । २०५६ । राष्ट्रिय जनजाति विकास समितिका कार्यक्रम र नीति । *जनजाति* १(१) : १००-१०३ ।

सुब्बा, दिलेन्द्र । २०५८ । नेपालमा जातीय आन्दोलन र जनजाति महासंघको भूमिका । *छापामा जनजाति*। प्रयुष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पेज ४९२-४९५ । काठमाडौं : एकता बुक्स ।

सुब्बा, चैतन्य । २०६० । जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान : जनजातिहरूको माग र सरकारी पहल (कार्यपत्र) । *विश्व आदिवासी दिवस अगस्त ९, २००१ प्रतिवेदन*। काठमाडौं : नेपाल जनजाति महासंघ ।

श्री ५ को सरकार । २०५४ । नेपाल राजपत्र (पूर्वातिरिक्ताङ्क १७) । काठमाडौं : श्री ५ को सरकार ।

श्री ५ को सरकार । २०५२ । आर्थिक वर्ष २०५२-५३ को बजेट वक्तव्य ।

शेर्पा, आङकाजी । २०७० । “नेपाल आदिवासी जनजाति महासंघको कार्य प्रगति प्रतिवेदन : २०६६ चैत २५ गतेदेखि २०६९ चैत २७ गतेसम्म” । नेपाल आदिवासी जनजाति महासंघ आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत प्रतिवेदन, चितवन, बैशाख २८-३० ।

शेरचन, संजय । सन् २००४ । *नेपाली राज्य र आदिवासी जनजाती* । काठमाडौं : पसरिह गरयोवा ।

Hangen, Susan. 2010. *The Rise of Ethnic Politics in Nepal: Democracy in the Margins.* London and New York: Routledge.

Information Office of the State Council of the People's Republic of China. 1999. *National Minorities Policy and Its Practice in China.* Beijing: Information Office of the State Council.

Institute for Integrated Development Studies (IIDS). 2002. *Adhivasis/Janajatis in National Development: Major Issues, Constraints and Opportunities (Plan of Action Proposed for the Tenth Plan, 2003-2007).*Unpublished Report.

Manandhar, Mohan Das. 2010. "Understanding Social Movement in Nepal: A General Perspective." Accessed on 27 jan 2014. http://www.fesnepal.org/reports/2010/seminar_reports/papers_ccd/Understanding%20Social%20movement%20in%20Nepal%20-%20Mohan%20Das%20second%20draft.pdf

Oommen, T. K. 2010. "Introduction: On the Analysis of Social Movements." In *Social Movement I: Issues of Identity*, edited by T.K. Oommen, 1-46. New Delhi: Oxford Univercity Press.

Sapru, R. K. 2012. *Public Policy: Formulation, Implementation and Evaluation*. New Delhi : Sterling Publishers Private Limited.

Singh, K.S. 2002."Tribal Autonomy Movements in Chhotanagpur." In *Readings in Indian Government and Politics – 4: Social Movements and the State,* edited by Ghanashyam Shah, 267-292. New Delhi: Sage Publications.

Stone, Deborah. 2002. *Policy Paradox: The Art of Political Decision Making.* New York: W. W. Norton and Company.

Toffin, Gerard. 2013. The Adivasi/Janajati Movement: Ethnicisation of Politics and Culture. In *From Monarchy to Republic: Essays on Changing Nepal.* pp. 75-93. Kathmandu: Vajra Books.

Yashar, Deborah J. 1998. Contesting Citizenship: Indigenous Movements and Democracy in Latin America.*Comparative Politics* 31(1): 23-42.